# बागमती प्रदेशको आर्थिक वर्ष २०७८/७९ को बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन




**बागमती प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**हेटौंडा, नेपाल**

**२०७९, भाद्र**

# आर्थिक वर्ष २०७८/७९ को बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन

(प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम तयार पारिएको वार्षिक मूल्याङ्कन प्रतिवेदन, २०७९)


**बागमती प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**हेटौंडा, नेपाल**

**२०७९, भाद्र**

https://moeap.bagamati.gov.np/

# मन्तव्य

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा समग्र प्रदेशको आर्थिक स्थिति, राजस्व संकलनको अवस्था, विनियोजन र खर्चको विवरण, क्षेत्रगत मन्त्रालयगत उपलब्धी लगायत स्थानीय तहमा हस्तान्तरित आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थाका साथै बजेट तर्जुमा, कार्यान्वयन, खर्च र लेखाङ्कनमा देखा परेका समस्या तथा सोमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेत समावेश गरिएको छ। प्रस्तुत विवरणले बागमती प्रदेश सरकारको वित्त व्यवस्थापनका विषयमा पर्याप्त जानकारी प्रदान गर्ने विश्वास लिएको छु।

"उच्च फराकिलो र दिगो आर्थिक वृद्धि सहितको समृद्ध प्रदेश" हुने दीर्घकालीन सोच बोकेको यस प्रदेश आफ्नो लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि निरन्तर प्रयासरत रहेको छ। आर्थिक वर्षको पहिलो चौमासिकमा मन्त्रालयहरुको संख्या थप भई मन्त्रालयहरुबीच बजेटको बाँडफाँट तथा व्यवस्थापन गर्न केही समय लाग्नुका साथै जनशक्तिको अभावका कारण अपेक्षित रुपमा खर्च हुन सकेन। साथै, आर्थिक वर्षको अन्त्यमा सरकारी लेखा प्रणाली (CGAS) मा देखिएको समस्याका कारण आयोजना तथा कार्यक्रमको दायित्व भुक्तानी हुन नसकी आर्थिक वर्ष २०७८/७९ मा नगद मौज्दात वृद्धि भई समग्र खर्च प्रगति कम देखिन गएको छ। अधुरा आयोजनाहरुको दायित्व चालु आर्थिक वर्षमा सरेका कारण सोको दायित्व व्यवस्थापनमा समेत चुनौती थपिएको छ।

सार्वजनिक खर्चलाई मितव्ययी एवम् प्रभावकारी बनाउन प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा विभिन्न ऐन, कानुन, कार्यविधि, निर्देशिका मापदण्डहरु तर्जुमा गरेको छ। प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ तर्जुमा गरि वहुवर्षीय आयोजना छनौट, स्वीकृति लगायतका विषयलाई व्यवस्थित गरिएको छ। यसका साथै प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ तथा प्रदेश सशर्त अनुदान सम्बन्धि कार्यविधिको तर्जुमा गरि वित्तीय अनुशासन तथा सार्वजनिक खर्चको व्यवस्थापनका लागि थप प्रयत्न गरिएको छ। बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक स्रोतको परिचालन तथा व्यवस्थापनमा थप सुधार आवश्यक देखिएको छ। आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनका कमी कमजोरीलाई आत्मसाथ गर्दै आगामी दिनमा थप उपलब्धि हासिल हुने गरि कार्यसम्पादन गर्न/गराउनुहुन सबै मन्त्रालय तथा सरोकारवाला निकायहरुलाई आग्रह गर्न चाहान्छु।

अन्त्यमा, बागमती प्रदेशको वित्तीय अवस्था झल्कने प्रस्तुत प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सबै मन्त्रालय, निकायहरू र प्रतिवेदनलाई पुर्णता दिन संलग्न हुनु हुने मन्त्रालयका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

शालिकराम जम्कट्टेल
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषयसुची


**कार्यकारी सारांश** **१**

**परिच्छेद - एक** **४**

**समष्टिगत आर्थिक तथा वित्तीय स्थिति** **४**

१.१ प्रादेशिक अर्थतन्त्र ४

**परिच्छेद – दुई** **६**

**राजस्व परिचालन** **६**

२.१ राजस्व संकलन ६

२.२ राजस्वको शीर्षकगत विश्लेषण ७

२.३ कर छुट तथा सहुलियत ८

२.४ आर्थिक वर्ष २०७८/७९ मा राजश्व तर्फ सम्पादन भएका कार्यहरु ९

**परिच्छेद–तीन** **११**

**बजेट विनियोजन र खर्च स्थिति** **११**

३.१ समष्टिगत खर्च ११

३.२ स्रोतगत खर्च विवरण १२

३.३ संघीय सरकारबाट प्राप्त अनुदान १३

३.४ खर्च शीर्षकगत संकेत वर्गीकरण अनुसार खर्चको स्थिति १४

३.५ मन्त्रालगत विनियोजन र खर्च विवरण १५

३.६ जिल्लागत खर्च विश्लेषण १६

३.७ सहुलियतपुर्ण ऋण लगानी १७

३.८ वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयासहरु १९

**परिच्छेद- चार** **२१**

**क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण** **२१**

४.१ प्रदेश सभा सचिवालय २१

४.२ प्रदेश लोक सेवा आयोग २१

४.३ मुख्यन्यायधिवक्ताको कार्यालय २२

४.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय २३

४.५ आर्थिक मामिला तथा योजना मन्त्रालय २४

४.६ उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय २५

४.७ वन तथा वातावरण मन्त्रालय २६

४.८ संस्कृति तथा पर्यटन मन्त्रालय २७

४.९ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय २७

४.१० कृषि तथा पशुपन्छी विकास मन्त्रालय २८

४.११ भौतिक पूर्वाधार विकास मन्त्रालय ३०

४.१२ खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय ३१

४.१३ श्रम, रोजगार तथा यातायात मन्त्रालय ३३

४.१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय ३४

४.१५ स्वास्थ्य मन्त्रालय ३६

४.१६ सामाजिक विकास मन्त्रालय ४०

४.१७ युवा तथा खेलकुद मन्त्रालय ४५

४.१८ प्रदेश नीति तथा योजना आयोग ४७

**परिच्छेद — पाँच** ४९

**स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति** ४९

५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण ४९

५.२ स्थानीय तहमा राजस्व बाँडफाँट ५१

५.३ वित्तीय संघीयता कार्यान्वयनको समीक्षा ५२

५.४ वित्तीय संघीयताको कार्यान्वयनमा देखा परेका समस्याहरु ५४

५.५ समाधानका उपायहरू ५५

**परिच्छेद - छ** **५७**

**बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरु** **५७**

६.१ बजेट तर्जुमामा देखिएका समस्याहरु ५७

६.१.१ स्रोत अनुमान र परिचालनका समस्याहरु ५७

६.१.२ विनियोजनमा देखिएका समस्याहरु ५७

६.१.३ आयोजना छनौट र प्राथमिकिकरणमा देखिएका समस्याहरु ५८

६.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरु ५९

६.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्याहरु ६०

६.४ बजेट सिमा निर्धारण र स्रोत परिचालनमा गर्नुपर्ने सुधारहरु ६०

६.५ बजेट तर्जुमामा गर्नुपर्ने सुधारहरु ६१

६.६ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधारहरु ६२

६.७ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनमा गर्नुपर्न सुधारहरु ६४

**अनुसूचीहरु**

# कार्यकारी सारांश

## स्रोत परिचालन र बजेट खर्च

- आर्थिक वर्ष २०७८/७९ मा कुल आय रु.५७ अर्व ७२ करोड ०९ लाख २७ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु.७१ अर्व ८३ करोड ९६ लाख ९२ हजार प्राप्त भई वार्षिक अनुमानको १२४.४६ प्रतिशत प्राप्ति भएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल आय रु.६१ अर्व ४२ करोड ८१ लाख १६ हजार अर्थात वार्षिक अनुमानको ११९.४४ प्रतिशत आय प्राप्त भएको थियो।

- आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारवाट सशर्त, समानीकरण, समपुरक र विशेष अनुदानमा कुल रु. १६ अर्व ९२ करोड ६८ लाख वित्तीय हस्तान्तरण प्राप्त हुने अनुमान गरिएकोमा रु. १५ अर्व ६७ करोड ५५ लाख ३९ हजार अर्थात ९२.६१ प्रतिशत प्राप्त भएको छ।आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुदान रु. १६ अर्व ९१ करोड ४६ लाख ३८ हजार प्राप्त भएको थियो, जुन आ.व. २०७८/७९ को तुलनामा ७.३३ प्रतिशतले बढी हो।

- आर्थिक वर्ष २०७८/७९ को कुल बजेट रू. ५७ अर्ब ७२ करोड ०९ लाख २७ हजार मध्ये रू. ३७ अर्ब ९९ करोड ४९ लाख ४६ हजार अर्थात ६५.८३ प्रतिशत खर्च भएको छ।

- कुल खर्चमध्ये चालुतर्फ रु. १५ अर्ब ६९ करोड ९८ लाख ९० हजार अर्थात कायम बजेटको ६९.७६ प्रतिशत खर्च भएको छ। पुँजीगत तर्फ रू. २० अर्ब ९९ करोड ५० लाख ५६ हजार र वित्तीय व्यवस्थातर्फ रु.१ अर्व ३० करोड खर्च भएको छ। जुन कायम बजेटको क्रमश: ६३.२१ प्रतिशत र ६५.०० प्रतिशत हुन आउँछ।

- संघीय वित्तीय हस्तान्तरण बाट प्राप्त रकम मध्ये रु. ११ अर्ब ०१ करोड ४२ लाख खर्च भएको छ। जुन कुल हस्तान्तरित रकमको ६५.०७ प्रतिशत रहेको छ ।

## वित्तीय संघीयता

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारवाट स्थानीय तहलाई समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान गरी रु. ७ अर्व ५८ करोड १७ लाख ९० हजार वित्तीय हस्तान्तरण हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रु. ६ अर्व ८३ करोड ३२ लाख ७९ हजार अर्थात ९०.१२ प्रतिशत हस्तान्तरण भएको छ। जुन आर्थिक वर्ष २०७७/७८ को तुलनामा १.४१ प्रतिशतले बढी हो।

- बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान तर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा रु.१ अर्व ४८ करोड ५८ लाख १३ हजार, सशर्त अनुदानतर्फ रु.२ अर्व ५२ करोड ९६ लाख ५२ हजार, समपुरक अनुदान तर्फ रु. २ अर्व ४४

करोड ४९ लाख ९० हजार र विशेष अनुदान तर्फ रु. ३७ करोड २८ लाख २२ हजार हस्तान्तरण गरिएको छ।

- प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने सवारी साधन कर वापतको २०७९ असार मसान्तसम्म प्रदेश विभाज्य कोष खातामा रु.९ अर्व ७७ करोड ६९ लाख ८४ हजार संकलन भएकोमा २०७९ असार २० गते सम्म संकलन भएको रु.९ अर्व ४३ करोड ७३ लाख ९ हजार लाई बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा रु.५ अर्व ६६ करोड २३ लाख ८५ हजार र सम्बन्धित स्थानीय तहको राजस्व प्राप्ति तथा विविध खातामा रु.३ अर्व ७७ करोड ४९ लाख २३ हजार जम्मा गरिएको छ।

## बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्याहरु

- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमाबीच तादाम्यता कायम हुन नसक्दा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनौट नभई स-साना कार्यक्रमहरूमा बजेट विनियोजन हुनु।
- आफू मातहतका कार्यालयहरूबाट कार्यान्वयन गर्नुपर्ने कार्यक्रम बजेट तर्जुमाको समयमा सम्बन्धित मन्त्रालयमै राखि बजेट विनियोजन हुनु र समयमै बाँडफाँट नहुनु।कतिपय आयोजना/कार्यक्रमको कार्यान्वयन विधि नै निश्चित नगरी ठुलो रकम विनियोजन हुनु।
- बहुवर्षीय प्रकृतिका योजनामा दायित्व व्यवस्थापनका लागि बजेट तर्जुमाका बखत पर्याप्त बजेट विनियोजन नहुनु।स्वीकृत वार्षिक कार्यक्रम भन्दा बाहेकका आयोजना तथा कार्यक्रममा आर्थिक वर्षको बीचमा बजेट प्रस्ताव गर्नु।
- जनशक्तिको अभाव तथा जटिल प्रकृतिका आयोजनामा काम गर्ने प्राविधिक तथा विज्ञ कर्मचारीको अभाव हुनुका साथै संघ, प्रदेश र स्थानीय तहमा आयोजना तथा कार्यक्रममा दोहोरोपना देखिनु।
- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन लगायतका कानूनहरु समयमै तर्जुमा हुन नसकनु ।

## बजेट तर्जुमा र कार्यान्वयनमा गर्नुपर्ने सुधारहरु

- वार्षिक बजेट तर्जुमाका क्रममा आयोजना प्रस्ताव गर्दा आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्नुका साथै संवैधानिक दायित्व, पन्ध्रौं राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजनाका उद्देश्यहरु हासिल हुने गरी बजेट विनियोजन गर्नुपर्ने।
- आयोजना वर्गीकरण निर्देशिका अनुसार प्रदेश सरकारका दायित्व र कार्यक्षेत्र भित्रका आयोजना वा कार्यक्रममा र मन्त्रालय/निकायको कार्यजिम्मेवारी अनुरुप मात्र बजेट प्रस्ताव

गर्ने/ स्थानीय तहले गर्न सक्ने साना आयोजनाको लागि प्रदेश सरकारले बजेट विनियोजन नगर्ने परिपाटिको विकास गर्नुपर्ने ।

- अवण्डा राखिएका रकमहरु समयमै बाँडफाँट गरी कार्यान्वयन गर्ने तहमा हस्तान्तरण गर्ने। स्थानीय तह मार्फत गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्नुपर्ने ।
- आवश्यक पूर्वतयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने। परियोजना बैङ्कलाई तत्काल कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति लिनुपर्ने।
- आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका तर्जुमा गर्नुपर्ने भएमा वा भएका कानुन संशोधन/ परिमार्जन गर्न आवश्यक भएमा तत्काल प्रक्रिया अगाडि बढाउनुपर्ने।
- प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा उच्च स्तरीय अनुगमन टोलि बनाई ठूला आयोजना/ कार्यक्रमको नियमित अनुगमन गरी विनियोजित बजेट र स्वीकृत कार्यक्रमको प्रभावकारीता अध्ययन गर्नुपर्ने।
- सरकारी खर्चमा मितव्ययीता कायम गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ , प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ लगायत प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को पुर्णपालना गर्नुपर्ने ।

# परिच्छेद - एक

# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ प्रादेशिक अर्थतन्त्र

- नेपालको कुल भुभागको करिव १३.७९ प्रतिशत अर्थात २०,३०० वर्ग कि.मि. क्षेत्रफल ओगटेको बागमती प्रदेश जनसंख्याको आधारमा दोस्रो र क्षेत्रफलको आधारमा पाँचौ स्थानमा रहेको छ। यस प्रदेशको मानव विकास सुचकाङ्क ०.६६१ रहेको छ।
- बागमती प्रदेशमा संघीय सरकार अन्तर्गतका बालाजु औद्योगिक क्षेत्र काठमाण्डौ, पाटन औद्योगिक क्षेत्र ललितपुर, भक्तपुर औद्योगिक क्षेत्र भक्तपुर र हेटौडा औद्योगिक क्षेत्र मकवानपुर गरी ४ वटा औद्योगिक क्षेत्रमा उद्योगहरु सञ्चालनमा रहेका छन्।
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार बागमती प्रदेशमा कुल जनसंख्याको २०.८४ प्रतिशत अर्थात ६० लाख ८४ हजार ४२ जनाको बसोबास रहेको देखिन्छ । जस मध्ये महिलाको जनसंख्या ५०.१४ र पुरुषको ४९.८६ रहेको छ।
- बागमती प्रदेशको कुल क्षेत्रफल २०,३०,४४३ हेक्टर मध्ये ४,९०,०९३ हेक्टर जमिन खेती योग्य रहेको छ । खेतीयोग्य जमिन मध्ये ३,१४,०२२ हेक्टर जमिन सिंचाइयोग्य रहेको छ ।
- बागमती प्रदेश भित्रका ११९ स्थानीय तहहरुमध्ये धादिङको रुवीभ्याली गाँउपालिका बाहेक सबै ११८ वटा स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति रहेको छ।
- नेपाल सरकारको साक्षर नेपाल अभियान अन्तर्गत प्रदेश भित्रका १३ वटै जिल्लाहरुलाई साक्षर घोषणा गरी मिति २०७८ असोज ११ गते बागमती प्रदेशलाई ९७.२२ प्रतिशत साक्षरता सहित नेपालकै पहिलो साक्षर प्रदेशको रुपमा घोषणा गरिएको थियो। बागमती प्रदेशका १३ जिल्ला मध्ये ललितपुरमा शत् प्रतिशत साक्षरता रहेको छ भने दोलखामा ९५.३७ प्रतिशत साझरता रहेको छ ।
- आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल गार्हस्थ्य उत्पादान (उत्पादकको मूल्यमा) रु. ४८ खर्ब ५१ अर्ब ६२ करोड रहने अनुमान गरिएकोमा बागमती प्रदेशको अंश सवै भन्दा बढी ३६.९ प्रतिशत अर्थात रु. १७ खर्ब ९० अर्ब ६८ करोड रहने प्रारम्भिक अनुमान रहेको छ।

- आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १७ खर्ब ९० अर्ब ६८ करोड हुने अनुमान मध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाईकल मर्मत सेवाको अंश सवै भन्दा बढी २५.१० प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशमा वित्तीय तथा वीमा क्रियाकलापहरुको अंश १६ प्रतिशत रहेको छ । कृषि, वन र मत्स्यपालन तथा उत्पादन उद्धोगको अंश क्रमशः ११.१० प्रतिशत र ५.५० प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ५.८४ प्रतिशत रहने अनुमान गरिएकोमा बागमती प्रदेशको वृद्धिदर सबै भन्दा बढी ६.७० प्रतिशत कायम हुने अनुमान छ ।
- मुलुकको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान करिव १७.१२ प्रतिशत रहेको छ। मुलुकको कुल उत्पादनमा अण्डा उत्पादनको हिस्सा यस प्रदेशको सवभन्दा बढी ६२.९ प्रतिशत रहेको छ ।
- मुलुकको कुल उत्पादनमा यस प्रदेशको धान उत्पादनको हिस्सा ९.९ प्रतिशत, मकै उत्पादनको हिस्सा २१.८ प्रतिशत, तरकारी उत्पादनको हिस्सा १८.२ प्रतिशत, आलु उत्पादनको हिस्सा २२.८ प्रतिशत र मासु उत्पानको हिस्सा ३३.८ प्रतिशत रहेको छ ।
- नेपालको गरिबीको गहनता १.८ प्रतिशत रहेकोमा बागमती प्रदेशमा यो सुचक १.६ प्रतिशत रहेको छ भने गरिबीको विषमता ५.४ प्रतिशत रहेकोमा यस प्रदेशको ४.८ प्रतिशत रहेको छ।
- नेपालको बहुआयामिक गरिबी सन् २०१८ मा २८.६० प्रतिशत र सन् २०१९ मा १७.४० प्रतिशत रहेकोमा बागमती प्रदेशको बहुआयामिक गरिबी सन् २०१८ र २०१९ मा क्रमशः १२.७० प्रतिशत र ७.०० प्रतिशत रहेको छ।
- नेपालको जनसंख्याको २३.४५ प्रतिशत काम गर्ने उमेरको जनसंख्या बागमती प्रदेशमा रहेको छ।
- बागमती प्रदेशमा रहेका विद्यालयहरु मध्ये आधारभूत (१-५) मा ६,४९९, आधारभूत (६-८) मा ३,८७९, आधारभूत (१-८) मा ६,५३४, माध्यमिक (९-१०) मा २,८८६, माध्यमिक (११-१२) मा १,०२३ र माध्यमिक (९-१२) मा २,९१५ वटा विद्यालय सञ्चालनमा रहेका छन्।

स्रोतः प्रदेश आर्थिक सर्वेक्षण, २०७९

# परिच्छेद - दुई

# राजस्व परिचालन

## २.१ राजस्व संकलन

बागमती प्रदेश सरकारले प्रत्येक आर्थिक वर्ष आर्थिक ऐन जारी गर्दै आएको छ। नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश सरकारको अधिकार क्षेत्र भनि तोकिएको विषयक्षेत्रहरुमा आर्थिक ऐन मार्फत दर तोकि सोही दर तथा दायराका आधारमा वार्षिक रुपमा संकलन हुन सक्ने राजस्वको अनुमान गरिन्छ। आर्थिक वर्ष २०७८/७९ मा कर राजस्व, गैरकर राजस्व, वित्तीय हस्तान्तरण र नगद मौज्दात गरी कुल ५७ अर्व ७२ करोड ०९ लाख २७ हजार आय संकलन हुने अनुमान गरिएकोमा कुल रु.७१ अर्व ८३ करोड ९६ लाख ९२ हजार अर्थात अनुमानको १२४.४६ प्रतिशत आय संकलन भएको देखिन्छ।

आर्थिक वर्ष २०७८/७९ मा वित्तीय हस्तान्तरण बाहेक कुल रु. ४० अर्व ७९ करोड ४१ लाख २७ हजार संकलन हुने अनुमान गरिएकोमा ५६ अर्व १६ करोड ४१ लाख ५३ हजार संकलन भएको छ, जुन वार्षिक अनुमानको १३७.६८ प्रतिशत प्रगति हो । यस अवधिमा विभिन्न राजस्व शीर्षकहरुमा अनुमान गरिएको र संकलन भएको राजस्व विवरण अनुसुची-१ का अतिरिक्त देहायको तालिका २.१ मा समेत प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१ वार्षिक बजेट तथा राजस्वको अनुमान र प्राप्ति (प्रारम्भिक)**

| विवरण | अनुमान रकम (रू. लाखमा) | प्राप्ति (रु.लाखमा) |
|---|---|---|
| कुल वार्षिक बजेट अनुमान | ५७७२०९ | ७१८३९६ |
| कुल वार्षिक कर राजस्व | २३८२१८ | २५५२८७ |
| अन्य कर राजस्व | ६८२१३ | ५८५४५ |
| विविध प्राप्ती र नगद मौज्दात | १०१५०९ | २४७८०८ |
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | **४०७९४१** | **५६१६४१** |
| संघीय सरकारबाट वित्तीय हस्तान्तरण | १६९२६८ | १५६७५५ |
| कुल बजेटमा राजस्वको योगदान (प्रतिशत) | ७०.६७ | ७८.१७ |
| कुल बजेटमा अन्तरसरकारी वित्त हस्तान्तरणको योगदान (प्रतिशत) | २९.३३ | २१.८२ |

स्रोत: प्रदेश लेखा नियन्त्रक/राजश्व व्यवस्थापन शाखा

## २.२ राजस्वको शीर्षकगत विश्लेषण

आर्थिक वर्ष २०७८/७९ मा कर राजस्व तर्फ कुल रु.२३ अर्ब ८२ करोड १८ लाख संकलन हुने अनुमान गरिएकोमा कुल रु.२५ अर्ब ५२ करोड ८७ लाख ३६ हजार संकलन भई अनुमानको तुलनामा १०७.१७ प्रतिशत संकलन भएको छ। जुन आर्थिक वर्ष २०७७/७८ को तुलनामा २२.८४ प्रतिशतले बढी हुन आउँछ।

कर राजस्वका प्रमुख स्रोतहरु घर जग्गा रजिष्ट्रेशन दस्तुर, मुल्य अभिवृद्धिकर, अन्तशुल्क, सवारी कर, मनोरञ्जन कर र विज्ञापन कर रहेका छन। आर्थिक वर्ष २०७८/७९ मा कर राजस्व तर्फ सबैभन्दा बढी घर जग्गा रजिष्ट्रेशन दस्तुरमा संकलन भएको देखिन्छ।

त्यस्तै गरि संघीय सरकारबाट अन्तरसरकारी वित्त हस्तान्तरण मार्फत रु. १६ अर्ब ९२ करोड अनुदान प्राप्त हुने अनुमान गरिएकोमा आर्थिक वर्ष २०७८/७९ मा रु.१५ अर्ब ६७ करोड ५५ लाख ३९ हजार प्राप्त भएको छ। जुन अनुमानको ९२.६१ प्रतिशत हुन आउछ।

आर्थिक वर्ष २०७८/७९ मा गैर कर राजस्व तर्फ कुल रु.६ अर्ब ८२ करोड १३ लाख ३१ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु.५ अर्ब ८५ करोड ४५ लाख ३० हजार अर्थात अनुमानको ८५.८३ प्रतिशत प्राप्त भएको छ। आर्थिक वर्ष २०७७/७८ को तुलनामा यो रकम २०.७१ प्रतिशतले बढी हो।

आर्थिक वर्ष २०७८/७९ मा विविध प्राप्ति (बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता) बाट रु.१ अर्ब ०५ करोड ०९ लाख ९६ हजार संकलन हुने अनुमान गरिएकोमा रु.१ अर्ब ४३ करोड ४४ लाख रकम संकलन भई अनुमानको १३६.४८ प्रतिशत प्राप्त भएको छ।

प्रदेश सरकारबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि विनियोजित रकम लक्ष्यअनुरुप खर्च हुन नसक्दा वर्षेनी नगद मौज्दातको परिमाण बढदै गएको देखिन्छ। प्रदेश सरकारको सञ्चित कोषमा नगद मौज्दातको रकम बढदै जानुले कार्यान्वयन कुशलता र खर्च गर्न सक्ने क्षमतामा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा नगद मौजदात तर्फ कुल रु.९ अर्ब १० करोड संकलन हुने अनुमान गरिएकोमा रु.२३ अर्ब ३४ करोड ६४ लाख ७८ हजार संकलन भई अनुमानको २५६.५५ प्रतिशत नगद मौज्दात प्राप्त भएको छ। आर्थिक वर्ष २०७८/७९ को आयको शीर्षकगत लक्ष्य र प्राप्ती तथा आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण क्रमश: अनुसूची-२ र अनुसूची-३ मा राखिएको छ।

## २.३ कर छुट तथा सहुलियत

आर्थिक वर्ष २०७८/७९ मा आर्थिक ऐन, २०७८ को अनुसुची-२ को खण्ड (ग) विविध को सि.नं. १५ बमोजिम स्थानीय तह तथा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा घर जग्गा रजिष्ट्रेशन शुल्कमा छुट प्रदान गरिएका सहकारी संस्थाहरुको विवरण देहायबमोजिम रहेको छ।

**तालिका २.३ छुट प्रदान गरिएका सहकारी संस्थाहरुको विवरण**

| आर्थिक ऐन, २०७८ को अनुसूची-१ (ग) विविधको बुँदा नं. १५ बमोजिम दिइएको राजस्व छुट | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु. हजारमा |
| क्र.स. | सहकारीको नाम | ठेगाना | थैली रकम | निर्णय मिति |
| १ | सुसंगत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | चावहिल | २१५००.०० | २०७८/४/१५ |
| २ | पञ्चकुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | बनेपा | ६४००.०० | २०७८/०५/२९ |
| ३ | बाबा चित्रसेन सामुहिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | चितवन | ६५००.०० | २०७८/०७/२३ |
| ४ | कंचनजंघा बहुउद्देश्य सहकारी संस्था लिमिटेड | चितवन | १२८००.०० | २०७८/०८/०१ |
| ५ | डिलाईट बचत तथा सहकारी संस्था लिमिटेड | अनामनगर | २२६५०.०० | २०७८/०८/०७ |
| ६ | बाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | शंखधर चोक | २५२२२.५६ | २०७८/०८/०८ |
| ७ | नयाँ किरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड | टोखा | ३९८१२.५० | २०७८/०८/०९ |
| ८ | पिपुल्स वचत तथा ऋण सहकारी संस्था लिमिटेड | बनेपा | ९३५०.०० | २०७८/०८/०९ |
| ९ | अग्रज महिला वचत तथा ऋण सहकारी संस्था लिमिटेड | चाँगुनारायण | ९३८४.३७ | २०७८/०८/२३ |
| १० | सुमार्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काभ्रे | ३६००.०० | २०७८/०९/१४ |
| ११ | पार्वतीपुर साना किसान कृषि सहकारी संस्था लिमिटेड | भरतपुर | ३६५०.०० | २०७८/१०/२० |
| १२ | पञ्चामृत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | चितवन | २०५०.०० | २०७८/१०/२५ |
| १३ | मनकामना दुध उत्पादक सहकारी संस्था लिमिटेड | मकवानपुर | २१००.०० | २०७८/१०/२५ |
| १४ | सर्वोत्तम सञ्चिति बचत तथा ऋण सहकारी संस्था लिमिटेड | हेटौडा | १२०००.०० | २०७८/११/१० |
| १५ | ललितपुर जिल्ला बचत ऋण सहकारी संस्था लिमिटेड | ललितपुर | ६८०००.०० | २०७८/११/१६ |

| आर्थिक ऐन, २०७८ को अनुसूची-१ (ग) विविधको बुँदा नं. १५ बमोजिम दिइएको राजस्व छुट | | | | |
|---|---|---|---|---|
| | | | | रकम रु. हजारमा |
| **क्र.स.** | **सहकारीको नाम** | **ठेगाना** | **थैली रकम** | **निर्णय मिति** |
| १६ | श्रीद बचत तथा ऋण सहकारी संस्था लिमिटेड | गोकर्णेश्वर | २८०००.०० | २०७८/१२/१५ |
| १७ | सम्झना बहुमुखी सहकारी संस्था लिमिटेड | काठमाडौ | ७५१०.०० | २०७८/१२/१५ |
| १८ | भिन्तुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौ | १६५००.०० | २०७८/१२/२३ |
| १९ | निलगिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | चितवन | १३४२७.५० | २०७८/१२/३० |
| २० | मनहरी समृद्ध बहुउद्देश्यीय सहकारी लिमिटेड | मनहरी | ४०००.०० | २०७९/०१/१३ |
| २१ | रामकोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड | धादिङ | ८४९०.६० | २०७९/०२/२९ |
| २२ | घरपरिवार बचत तथा ऋण सहकारी संस्था लिमिटेड | भक्तपुर | ७५००.०० | २०७९/०३/१६ |
| २३ | जनप्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेड | टोखा | ३२०००.०० | २०७९/०३/२४ |
| २४ | प्राकृतिक पर्यटन सहकारी संस्था लिमिटेड | ललितपुर | ५०००.०० | २०७९/०३/२९ |
| | **कुल जम्मा थैली रकम** | | **३६७४४७.५३** | |

स्रोत; राजस्व व्यवस्थापन शाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय

## २.४ आर्थिक वर्ष २०७८/७९ मा राजश्व तर्फ सम्पादन भएका कार्यहरु

आर्थिक वर्ष २०७८/७९ मा राजस्व व्यवस्थापनका सम्बन्धमा सम्पादन भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्:

- आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहले प्राप्त गर्ने सवारी साधन कर वापतको अनुमानित विवरण सम्बन्धित स्थानीय तहमा पठाईएको।
- प्रदेश सरकार मार्फत संकलन भई स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन कर नियमित रुपमा बाँडफाँट गरिएको।
- प्रदेश आर्थिक ऐन, २०७८ मा व्यवस्था भए बमोजिम पर्यटन शुल्क तथा छुट सम्वन्धमा मिति २०७८/०५/२७ गते अन्तरक्रिया कार्यक्रम गरिएको।साथै यातायात व्यवसायी, यातायात कार्यालयहरुसँग सवारी साधन कर लगायतका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको।

- प्रदेश आर्थिक ऐन, २०७८ मा भएका व्यवस्थाहरु, सोको कार्यान्वनमा देखा परेका द्विविधा लगायत राजस्व संकलनका विषयमा मुख्य मन्त्रीज्युको प्रमुख आतिथ्यतामा बागमती प्रदेश भित्रका यातायात व्यवसायी महासंघ तथा सरोकारवाला एवं यातायात कार्यालयहरुसँग मिति २०७८/०९/१६ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सुझाव संकलन गरिएको।
- घरजग्गा रजिष्ट्रेशन दस्तुर संकलन सम्बन्धमा प्रदेश आर्थिक ऐन, २०७८ मा भएका व्यवस्थाहरु कार्यान्वयनका सन्दर्भमा उत्पन्न समस्याका सम्बन्धमा उपत्यका भित्रका मालपोत कार्यालयहरुसँग संघीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक समेतको सहभागितामा मिति २०७८/११/२७ गते अन्तर्किया कार्यक्रम गरिएको।
- स्थानीय तहहरुबाट संकलन हुने मनोरञ्जन कर तथा विज्ञापन कर नियमावलीको मस्यौदा तयार गर्न समिति गठन भएको।
- राजस्व परामर्श समिति अन्तर्गतका उपसमितिहरुबाट पेश भएको प्रतिवेदन लाई एकीकृत गरी राजस्व परामर्श समितिको प्रतिवेदन तयार गरिएको।
- कर तथा गैरकर राजस्वको दर तथा दायराका सम्बन्धमा विभिन्न सरोकारवाला निकायहरुसँग छलफल गरी प्रदेश आर्थिक ऐन, २०७९ तर्जुमा गरिएको।

# परिच्छेद-तीन

# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ समष्टिगत खर्च

आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेट मध्ये प्रारम्भिक खर्च विवरण अनुसार कुल रु. ३७ अर्व ९९ करोड ४९ लाख ४६ हजार रकम खर्च भएको देखिन्छ। जुन वार्षिक बजेट रु. ५७ अर्व ७२ करोड ०९ लाख २७ हजारको ६५.८३ प्रतिशत रहेको छ।

कुल खर्च मध्ये चालु तर्फ कुल रु. १५ अर्व ६९ करोड ९८ लाख ९० हजार (६९.७६ प्रतिशत), पुँजीगत तर्फ कुल रु. २० अर्व ९९ करोड ५० लाख ५६ हजार (६३.२१ प्रतिशत) र वित्तीय व्यवस्था तर्फ कुल रु.१ अर्व ३० करोड (६५ प्रतिशत) खर्च भएको छ। जुन विनियोजित बजेटको ६५.८३ प्रतिशत हुन आउछ। आर्थिक वर्ष २०७७/७८ मा कुल रू. ३५ अर्व ५९ करोड ४८ लाख ४१ हजार अर्थात वार्षिक विनियोजनको ६९.२१ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्षको पहिलो चौमासिकमा मन्त्रालयको संख्या थप भएको तर जनशक्तिको कमि र मन्त्रालयगत वार्षिक बजेटको बाँडफाँट तथा रकमान्तर गर्न समय लागेको कारण बजेट कार्यान्वयनमा ढिला हुन गई आर्थिक वर्ष २०७८/७९ को खर्च प्रगति अपेक्षित रुपमा हुन सकेको छैन।

आर्थिक वर्ष २०७७/७८ मा भएको शीर्षकगत खर्चको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा चालु खर्च तर्फ १०. ६७ प्रतिशत, पूँजीगत खर्च तर्फ ४.९३ प्रतिशत र समग्र खर्चमा ६.७४ प्रतिशतले वृद्धि भएको छ भने वित्तीय व्यवस्था तर्फ गत आर्थिक वर्षको तुलनामा ७.१४ प्रतिशतले न्यून प्रगति भएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७७/७८ को शीर्षकगत खर्च बीचको तुलनात्मक विवरण तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१.: समष्टिगत प्रारम्भिक खर्चको तुलनात्मक स्थिति (रू. हजारमा)**

| शिर्षक | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| चालु खर्च | १४,१८६,६०२ | १५,६९९,८९० | १०.६७ |
| पूँजीगत खर्च | २०,००८,२३९ | २०,९९५,०५६ | ४.९३ |
| वित्तय व्यवस्था | १,४००,००० | १,३००,००० | -७.१४ |
| **कुल जम्मा** | **३५,५९४,८४२** | **३७,९९४,९४६** | **६.७४** |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय

**चित्र १: बजेटको तुलनामा खर्च स्थिति**




आर्थिक वर्षको बीचमा साविकका मन्त्रालयहरु विभाजन भई तलब भत्ता लगायत कार्यसञ्चालन खर्चका लागि बजेट व्यवस्थापन गरिनुका साथै वित्तीय हस्तान्तरण मार्फत उपलव्ध गराईने पुँजीगत प्रकृतिका आयोजना/कार्यक्रम समेत चालु शीर्षकबाट हस्तान्तरण हुने कारणले चालु तर्फको खर्च बढि भएको देखिन्छ।

## ३.२ स्रोतगत खर्च विवरण

आर्थिक वर्ष २०७८/७९ को बजेट रु.५७ अर्व ७२ करोड ०९ लाख मध्ये प्रदेश सरकार स्रोतबाट ७०.६७ प्रतिशत र संघीय स्रोतबाट २९.३३ प्रतिशत खर्च व्यहोर्ने गरी विनियोजन भएको थियो। कुल विनियोजित रकमको ६५.८३ प्रतिशत खर्च भएकोमा प्रदेश सरकार स्रोतबाट ६६.१४ प्रतिशत र संघीय स्रोतबाट ६५.०७ प्रतिशत खर्च भएको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा अनुदानको अनुमानमा ०.०७ प्रतिशतले बढेको छ भने खर्च १२.७८ प्रतिशतले घटेको छ। समग्रमा स्रोतगत खर्च सम्बन्धी विगत दुई आर्थिक वर्षको तुलनात्मक विवरण तालिका ३.२ मा उल्लेख गरिएको छ।

तालिका ३.२ स्रोतगत प्रारम्भिक खर्च विवरण रकम रु.लाखमा

| क्र. सं. | स्रोत | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | | प्रतिशतमा परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | विनियोजन | खर्च |
| १ | प्रदेश | ३४५१२८ | २२९६६६ | ६६.५५% | ४०७९४१ | २६९८०७ | ६६.१४% | १८.२०% | १७.४८% |
| २ | संघीय अनुदान | १६९१४६ | १२६२८२ | ७४.६६% | १६९२६८ | ११०१४२ | ६५.०७% | ०.०७% | -१२.७८% |
| जम्मा | | ५१४२७४ | ३५५९४८ | ६९.२१% | ५७७२०९ | ३७९९४९ | ६५.८३% | १२.२४% | ६.७४% |

स्रोत: RMIS/PLMBIS

## ३.३ संघीय सरकारबाट प्राप्त अनुदान

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारबाट कुल रु.१६ अर्व ९२ करोड ६८ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.१५ अर्व ६७ करोड ५५ लाख अर्थात अनुमानको ९२.६१ प्रतिशत प्राप्त भएको छ। प्राप्त रकम मध्ये आर्थिक वर्ष २०७८/७९ को प्रारम्भिक खर्च विवरण अनुसार ६५.०७ प्रतिशत खर्च भएको देखिन्छ। प्रारम्भिक खर्चको प्रतिवेदनलाई आधार मानी आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म खर्च नभई बचत भएको रकम मध्ये रु. २ अर्ब संघीय सञ्चित कोषमा फिर्ता दाखिला समेत भईसकेको छ।आर्थिक वर्ष २०७८/७९ को अनुमानित विवरण अनुरुपको शीर्षकगत खर्चको विवरण तालिका नं.३.३ मा राखिएको छ।

**तालिका ३.३ अनुदानको शीर्षकगत प्रारम्भिक खर्च विवरण** रकम रु.लाखमा

| स्रोत | अन्तिम बजेट | निकासा /खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **११ वित्तीय समानिकरण अनुदान** | **७८५९०** | **५८५२७** | **७४.४७%** |
| १२ सशर्त अनुदान | ३१८२६ | २२८६४ | ७१.८४% |
| १२ सशर्त अनुदान | ३०२८९ | २०६५३ | ६८.१९% |
| **१२ सशर्त अनुदान** | **६२११५** | **४३५१७** | **७०.०६%** |
| **१३ समपुरक अनुदान** | **५७४८** | **२१८२** | **३७.९६%** |
| १४ विशेष अनुदान | १ | ० | ०.००% |
| १४ विशेष अनुदान | ५५८३ | २३२७ | ४१.६८% |
| **१४ विशेष अनुदान** | **५५८४** | **२३२७** | **४१.६८%** |
| **१५ नेपाल सरकार ऋण** | **९०३३** | **०** | **०.००%** |
| ३१ नगद अनुदान | २ | १ | ४६.५८% |
| ३१ नगद अनुदान | १०४ | २९ | २७.५२% |
| ३१ नगद अनुदान | ३८६ | ४० | १०.२४% |
| ३१ नगद अनुदान | २८ | १५ | ५२.६४% |
| ३१ नगद अनुदान | ११४० | ६८८ | ६०.३९% |

| स्रोत | अन्तिम बजेट | निकासा /खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **३१ नगद अनुदान** | **१६६०** | **७७२** | **४६.५१%** |
| ३३ शोधभर्ना हुने अनुदान | ५४ | १५ | २७.८८% |
| ३३ शोधभर्ना हुने अनुदान | ८० | ० | ०.००% |
| ३३ शोधभर्ना हुने अनुदान | ३७०४ | १२६२ | ३४.०६% |
| **३३ शोधभर्ना हुने अनुदान** | **३८३८** | **१२७७** | **३३.२६%** |
| **४१ नगद ऋण** | **१४६** | **१२** | **८.३७%** |
| ४३ शोधभर्ना हुने ऋण | १९२१ | १३१८ | ६८.६१% |
| ४३ शोधभर्ना हुने ऋण | ४२८ | १५५ | ३६.२६% |
| ४३ शोधभर्ना हुने ऋण | २०५ | ५४ | २६.४९% |
| **४४ शोधभर्ना हुने ऋण** | **२५५४** | **१५२८** | **५९.८१%** |
| **कुल जम्मा** | **१६९२६८** | **११०१४२** | **६५.०७%** |

स्रोत: RMIS/PLMBIS

## ३.४ खर्च शीर्षकगत संकेत वर्गीकरण अनुसार खर्चको स्थिति

खर्च शीर्षकगत संकेत वर्गीकरणको आधारमा खर्चको विश्लेषण गर्दा आ.व.२०७८/७९ को कुल खर्च मध्ये सबैभन्दा बढी खर्च आधार शीर्षक नं.२६०० (अनुदान) मा ८४.४८ प्रतिशत भएको छ।पुँजीगत खर्च र वित्तीय व्यवस्था शीर्षकमा क्रमश: ६३.२१ प्रतिशत र ६५.०० प्रतिशत खर्च भएको छ।आर्थिक वर्ष २०७८/७९ को शीर्षकगत खर्च विवरण अनुसूची-४ मा र आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ को शीर्षकगत खर्चको तुलनात्मक खर्च शीर्षकगत विवरण अनुसुची-५ मा राखिएको छ।यसका साथै खर्च शीर्षकगत बजेट तथा खर्चको संक्षिप्त विवरण तालिका ३.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.४ खर्च शीर्षकगत बजेट तथा प्रारम्भिक खर्चको विवरण रु.लाखमा**
**आर्थिक वर्ष २०७८/७९**

| ख.शी.नं. | शीर्षक | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | **चालु** | **२२५०५०** | **१५६९९८** | **६९.७६%** |
| २१००० | पारिश्रमिक/सुविधा | ३३००३ | २१८२७ | ६६.१४% |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७०६३१ | ४६६४८ | ६६.०४% |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | २ | ० | ०.००% |
| २६००० | अनुदान | १००५११ | ८४९११ | ८४.४८% |
| २७००० | सामाजिक सुरक्षा | ३४७० | २७५० | ७९.२६% |
| २८००० | अन्य खर्च | १७४३३ | ८६१ | ४.९४% |
| **३१०००** | **पूजीगत खर्च** | **३३२१५८** | **२०९९५०** | **६३.२१%** |
| **३२०००** | **वित्तीय व्यवस्था** | **२००००** | **१३०००** | **६५.००%** |
| **कुल जम्मा** | | **५७७२०९** | **३७९९४९** | **६५.८३%** |

स्रोतः प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली(PLMBIS)/प्र.ले.नि.का

## ३.५ मन्त्रालगत विनियोजन र खर्च विवरण

बागमती प्रदेशका मन्त्रालय/आयोग/कार्यालयहरुको प्रारम्भिक खर्च विवरण तपसिल बमोजिम रहेको छ।

- प्रदेश व्यवस्थापिका तर्फ कायम कुल बजेट रु. ३४ करोड ६१ लाख ३८ हजारमध्ये २०७९ असार मसान्तसम्म कुल रु. २० करोड ६४ लाख ७७ हजार अर्थात ६९.६५ प्रतिशत खर्च भएको छ।
- प्रदेश लोकसेवा आयोगको कुल बजेट रु. ११ करोड १८ लाख १७ हजार मध्ये रु.७ करोड ०७ लाख ४८ हजार अर्थात ६३.२७प्रतिशत खर्च भएको छ।
- मुख्यन्यायधिवक्ता कार्यालय तर्फ कुल रु.१ करोड ८५ लाख ८३ हजार बजेट मध्ये कुल रु. १ करोड १६ लाख ०४ हजार अर्थात ६२.४५ प्रतिशत खर्च भएको छ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कुल रु.३ अर्व ८३ करोड १२ लाख ८२ बजेट मध्ये रू. २ अर्व ०८ करोड ७७ लाख ७० हजार अर्थात् ५४.४९ प्रतिशत खर्च भएको छ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयमा कायम बजेट रु. ३५ करोड ६५ लाख ५० हजार मध्ये रु.२७ करोड ५३ लाख ५४ हजार अर्थात ७७.२३ प्रतिशत खर्च भएको छ।
- उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय अन्तर्गत कायम कुल बजेट रू. ६३ करोड ३१ लाख ७७ हजार मध्ये रु. २९ करोड ३५ लाख ३१ हजार अर्थात ४६.३६ प्रतिशत खर्च भएको छ।
- वन तथा वातावरण मन्त्रालय अन्तर्गत कायम बजेट रु.२ अर्व ५१ करोड २७ लाख ८७ हजार मध्ये रु.१ अर्व ९५ करोड ९५ लाख २६ हजार अर्थात ७७.९८ प्रतिशत खर्च भएको देखिन्छ।
- संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गत कायम बजेट रु. १ अर्व २५ करोड ९३ लाख ७९ हजार मध्ये रु. ६८ करोड ३२ लाख ५३ हजार अर्थात ५४.२५ प्रतिशत खर्च भएको देखिन्छ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय तर्फ कुल रु.३ अर्व ५० करोड ७० लाख ८८ हजार बजेट कायम भएकोमा रु. २ अर्व ४० करोड ५२ लाख ९१ हजार अर्थात ६८.५८ प्रतिशत खर्च भएको देखिन्छ।
- भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय तर्फ कुल रु. १४ करोड ९ लाख ७७ हजार बजेट मध्ये रु. ९ करोड ७१ लाख २७ हजार अर्थात ६८.९० प्रतिशत खर्च भएको देखिन्छ।

- आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा कुल रु. ८६ करोड ६० लाख ८८ हजार बजेट कायम भएकोमा रू. ५५ करोड १० लाख ०९ हजार अर्थात् ६३.६२ प्रतिशत खर्च भएको छ।
- खानेपानी उर्जा तथा सिंचाई मन्त्रालय तर्फ कायम कुल बजेट रु. ७ अर्व ४१ करोड ८७ लाख २८ हजार मध्ये रु. ५ अर्व ३४ करोड ८ लाख ७४ हजार अर्थात ७१.९९ प्रतिशत खर्च भएको छ।
- भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि बजेट रू. १४ अर्व ३४ करोड ४६ हजार कायम भएकोमा रू.८ अर्व ९० करोड ५५ लाख ८२ हजार अर्थात् ६२.१० प्रतिशत खर्च भएको छ।
- श्रम रोजगार तथा यातायात मन्त्रालयतर्फ कायम बजेट रु. ५३ करोड ८० लाख १६ हजार मध्ये  रु. ४३ करोड १६ लाख ६० हजार अर्थात ८०.२३ प्रतिशत खर्च भएको देखिन्छ।
- युवा तथा खेलकुद मन्त्रालयतर्फ कुल रु. २३ करोड ४९ लाख ६० हजार बजेट कायम भएकोमा रु. १६ करोड ३९ लाख ४३ हजार अर्थात ६९.७७ प्रतिशत खर्च भएको देखिन्छ।
- सामाजिक विकास मन्त्रालयतर्फ कुल रु.३ अर्व ७६ करोड ९३ लाख ६८ हजार बजेट कायम भएकोमा रु.२ अर्व ३३ करोड ८ लाख १ हजार अर्थात ६१.८४ प्रतिशत खर्च भएको देखिन्छ।
- स्वास्थ्य मन्त्रालय तर्फ कुल रु.६ अर्व ३२ करोड ९ लाख ८० हजार कायम भएकोमा रु.४ अर्व ६ करोड ६ लाख ३९ हजार अर्थात ६४.२४ प्रतिशत खर्च भएको देखिन्छ।
- प्रदेश नीति तथा योजना आयोगको कुल बजेट रु.४ करो८ ८३ लाख ९४ हजार मध्ये रु.२ करोड ७२ लाख ११ हजार अर्थात ५६.२३ प्रतिशत खर्च भएको देखिन्छ।
- वित्तीय व्यवस्था तथा शेयर लगानी तर्फ कुल रु. २ अर्व विनियोजन भएकोमा रु.१ अर्व ३० करोड अर्थात ६५ प्रतिशत खर्च भएको देखिन्छ।
- मन्त्रालयगत खर्चको समग्र विवरण अनुसूची - ६ मा प्रस्तुत गरिएको छ।

## ३.६ जिल्लागत खर्च विश्लेषण

- बागमती प्रदेशमा रहेका १३ जिल्लाहरुमा विभिन्न आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि रु. ५७ अर्व ७२ करोड ०९ लाख २७ हजार बजेट विनियोजन गरिएको थियो ।विनियोजित रकम मध्ये सबैभन्दा बढी मकवानपुर जिल्लामा (३१.४३ प्रतिशत)र सबैभन्दा कम (१.०८ प्रतिशत) रसुवा जिल्लामा विनियोजन भएको देखिन्छ।

- त्यसैगरी कुल खर्च रु.३७ अर्व ९९ करोड ४९ लाख ४६ हजार को तुलनामा सबैभन्दा बढी खर्च (२६.५६ प्रतिशत) मकवानपुर जिल्लामा र सबैभन्दा कम खर्च (१.२८ प्रतिशत) रसुवा जिल्लामा भएको देखिन्छ। वित्तीय व्यवस्था अन्तर्गत विनियोजित कुल रकम रु.२ अर्व समेत प्रदेश लेखा नियन्त्रक कार्यालय, मकवानपुर मार्फत निकासा हुने भएकोले सबैभन्दा बढी बजेट विनियोजन र बजेट खर्च मकवानपुर जिल्लामा भएको देखिएको हो।
- जिल्लागत विनियोजन र खर्चको विश्लेषण गर्दा चालु खर्च तर्फ सिन्धुपाल्चोक जिल्लामा सबैभन्दा बढी (८९.२५ प्रतिशत) र मकवानपुर जिल्लामा सबैभन्दा कम (५३.४९ प्रतिशत) खर्च भएको देखिन्छ। त्यसैगरी पुँजीगत तर्फ सबैभन्दा बढी (८३.३४ प्रतिशत) रसुवा जिल्लामा र सबैभन्दा कम काठमाण्डौं जिल्लामा (५४.५७ प्रतिशत) खर्च भएको देखिन्छ। यसरी जिल्लागत विनियोजन र जिल्लागत खर्चको अनुपातमा विश्लेषण गर्दा सबैभन्दा बढी खर्च (८०.७८) प्रतिशत भक्तपुर जिल्लामा भएको देखिन्छ भने सबैभन्दा कम खर्च मकवानपुर जिल्लामा (५५.६३ प्रतिशत) भएको देखिन्छ। जिल्लागत बजेट र खर्चको समग्र विवरण अनुसुची-७ मा उल्लेख गरिएको छ।

## ३.७ सहुलियतपुर्ण ऋण लगानी

- कोभिड-१९ का कारण सिर्जित विषम परिस्थितिबाट अर्थतन्त्रमा परेको प्रभाव न्यूनिकरणका लागि आर्थिक वर्ष २०७७/७८ बाट सञ्चालन भएको उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रमले आर्थिक वर्ष २०७८/७९ मा समेत निरन्तरता प्राप्त गरेको थियो। यस कार्यक्रम अन्तर्गत लगानीका लागि आर्थिक वर्ष २०७८/७९ मा कुल रु.२ अर्व रकम विनियोजन गरिएको थियो। सहुलियतपुर्ण ऋण लगानी कार्यक्रम मार्फत विनियोजित बजेटको कार्यान्वयनका लागि प्रदेश सरकार मन्त्रिपरिषदबाट उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपुर्ण ऋण लगानी कार्यविधि, २०७८ स्वीकृत गरिएको छ।
- उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपुर्ण ऋण लगानी कार्यविधि, २०७८ मा उल्लेखित व्यवस्थाहरुको अधिनमा रहि कृषि विकास बैङ्क तथा साना किसान लघुवित्त वित्तीय संस्था मार्फत ऋण लगानीका लागि सम्झौता समेत गरिएको छ। कार्यविधि र सम्झौतामा उल्लेख भएअनुरुप बैङ्क तथा वित्तीय संस्थाबाट माग भएको रकमको आधारमा तमसुक गरि आर्थिक वर्ष २०७८/७९ मा कृषि विकास बैङ्क लाई रु. ५० करोड तथा साना किसान

लघुवित्त वित्तीय संस्थालाई रु. ८० करोड गरि कुल रु. १ अर्ब ३० करोड रकम निकासा गरिएको थियो।

- उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण कार्यविधि सम्बन्धमा मुख्य मन्त्रीज्युको प्रमुख आतिथ्यमा साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेडका पदाधिकारी एवं कर्मचारीहरुसँग मिति २०७८/०९/११ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।

- कृषि विकास बैङ्कबाट आर्थिक वर्ष २०७८/७९ मा ४८४ जनालाई रु. ४५ करोड ६१ लाख ५५ हजार र आर्थिक वर्ष २०७७/७८ मा ६०२ जना जनालाई रु.५२ करोड ९३ लाख ६३ हजार सहुलियत ऋण लगानी भएको थियो।
- कृषि विकास बैङ्क मार्फत आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी लगानी (५०.०२ प्रतिशत) कृषि व्यवसायमा भएको छ भने सबैभन्दा कम (०.२२ प्रतिशत) वन तथा वातावरण क्षेत्रमा भएको देखिन्छ।
- बागमती प्रदेशका १३ जिल्लामध्ये कृषि विकास बैङ्क मार्फत आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी लगानी मकवानपुर जिल्लामा भएको छ भने दोलखा र रामेछाप जिल्लामा लगानी भएको देखिदैन।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा १३३ साना किसान कृषि सहकारी मार्फत ३१५३ जनालाई रु. ८० करोड १३ लाख ७५ हजार ऋण लगानी भएको छ भने गत आर्थिक वर्ष २०७७/७८ मा ८७ सहकारी संस्था मार्फत २१६२ जनालाई रु.६० करोड ५० लाख ७५ हजार ऋण लगानी भएको छ।
- साना किसान लघुवित्त वित्तीय संस्था मार्फत आर्थिक वर्ष २०७८/७९ मा कुल ३१५३ ग्राहक संख्या मध्ये सबैभन्दा बढी (२०३०) ग्राहक लाई कृषि व्यवसाय अन्तर्गत ऋण लगानी गरिएको र सबैभन्दा कम (३५) जनालाई महिला तथा दलित समुदाय क्षेत्रमा ऋण लगानी गरिएको छ।
- बागमती प्रदेशका १३ जिल्लामध्ये साना किसान लघुवित्त वित्तीय संस्था मार्फत आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी लगानी चितवन जिल्लामा (८२६ जनालाई) र सबैभन्दा कम भक्तपुर जिल्लामा (१० जनालाई) भएको देखिन्छ।

- सहुलियतपूर्ण ऋण लगानीको कार्यान्वयन प्रभावकारीताका सम्बन्धमा नियमित रुपमा स्थलगत अनुगमन निरिक्षण समेत गरिएको छ।
- सहुलियत पुर्ण ऋण लगानी सम्बन्धमा कृषि विकास बैङ्कबाट लगानी भएको जिल्लागत र व्यवसायगत विवरण क्रमश: अनुसुची-८, अनुसुची-९ मा र साना किसान लघुवित्त वित्तीय संस्थाबाट लगानी भएको भएको जिल्लागत र व्यवसायगत विवरण क्रमश: अनुसुची-१० र अनुसुची-११ मा राखिएको छ।

## ३.८ वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनका लागि गरिएका प्रयासहरु

- आर्थिक गतिविधिहरु सञ्चालनका लागि स्रोतको आवश्यकता पर्दछ। स्रोतको प्राप्ती, सोको वितरण तथा उपयोग लगायत सम्पूर्ण सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै विनियोजन दक्षता र खर्चको प्रभावकारीता अभिवृद्धिका लागि बागमती प्रदेश सरकार निरन्तर प्रयासरत रहेको छ ।
- बागमती प्रदेश सरकारले प्रदेशको आर्थिक कार्य प्रणालीलाई समायनुकुल बनाउन तथा विद्यमान ऐन/नियमलाई संघीय ऐन/नियम अनुकुल हुने गरी तयार गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार गरिसकेको छ।त्यसैगरी प्रदेशले सञ्चालन गर्ने बहुवर्षीय प्रकृतिका आयोजना/कार्यक्रममा स्रोतको सुनिश्चितता मार्फत कार्यक्रम/आयोजनाहरूको प्रभावकारीता अभिवृद्धि गरी व्यवस्थित गर्ने उद्देश्यका साथ प्रदेशको बहुवर्षीय आयोजना सम्बन्धित मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।
- प्रदेश सरकारका निकायहरुमा हुने कार्यसञ्चालन खर्चमा एकरुपता र मितव्ययीता कायम गरी आर्थिक अनुशासन सुनिश्चित गर्नका लागि प्रदेश सार्वजनिक खर्चको मापदण्ड, प्रदेश राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको छ।
- प्रदेश सरकारको वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई व्यवस्थित गर्दे उपलब्ध स्रोत साधनको परिचालन गरी विनियोजन दक्षता अभिवृद्धि गर्न, सार्वजनिक कोषको पारदर्शी, मितव्ययी एवं प्रभावकारी सञ्चालनद्धारा वित्तीय अनुशासन कायम गर्न र सार्वजनिक खर्चमा एकरुपता ल्याई बजेट तर्जुमा तथा कार्यान्वयन, कार्यक्रम संशोधन/रकमान्तर लगायत मन्त्रालय सम्बद्ध कार्यलाई सुव्यवस्थित बनाउन प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याईसकिएको छ ।

- प्रदेश सरकारको बजेट सूचना प्रणालीलाई थप सहज बनाई प्रयोगकर्ता मैत्री बनाउन नेपाल सरकार अर्थ मन्त्रालयसँग समन्वय गरी प्रदेश बजेट सूचना प्रणाली(PLMBIS) मा समयानुकुल परिमार्जन गरी सोही प्रणालीको प्रयोग मार्फत आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट तर्जुमा गरिएको छ।
- बागमती प्रदेशको स्थापनाकाल देखि हालसम्म भएका क्षेत्रगत उपलब्धिहरुको परिमाणात्मक विवरणहरु समावेश गरिएको प्रदेश आर्थिक सर्वेक्षण, २०७९ प्रकाशन गरिएको र यसबाट प्रदेश सरकार सम्बद्ध विभिन्न तथ्याङ्क, जानकारी प्रवाह भएको छ।

# परिच्छेद- चार

## क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

बागमती प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूको आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन बाट हासिल भएका क्षेत्रगत उपलब्धिहरू देहाय बमोजिम रहेका छन्:

### ४.१ प्रदेश सभा सचिवालय

- प्रदेश विनियोजन विधेयक, २०७९ तथा आर्थिक विधेयक,२०७९ पेश भई पारित भएको।
- प्रदेश पर्यटन विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ र प्रदेश उच्च शिक्षा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ समितिबाट प्रतिवेदन सहित पारित भएको ।
- केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७९ पारित भएको।
- प्रदेश विपद व्यवस्थापन (पहिलो) संशोधन ऐन, २०७९ र प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो) संशोधन ऐन, २०७९ पारित भएको।
- विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो) संशोधन ऐन, २०७९ पारित भएको।
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो) संशोधन ऐन, २०७९ पारित भएको।
- प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९ पारित भई राजपत्रमा प्रकाशन भएको।
- सचिवालयको भौतिक संरचनाको सुदृढीकरण गर्ने कार्य भएको। सचिवालय क्षेत्रको सौन्दर्यीकरण तथा सबलीकरणको लागि रंगरोगन लगायत कार्यालय परिसरमा ईन्टरलक विच्छ्याउने कार्य सम्पन्न गरिएको।
- समितिहरु बाट समसामयिक विषयहरुमा अध्ययन अवलोकन भ्रमण भई विभिन्न सुझावहरु सम्बन्धित मन्त्रालयलाई प्रदान गरेको।
- माननीय सभामुख तथा उपसभामुखको अध्यक्षतामा प्रदेशले बनाएको कानूनका सम्बन्धमा अन्तर्किया सञ्चालन गरिएको।

### ४.२ प्रदेश लोक सेवा आयोग

- प्रदेश लोक सेवा आयोगलाई स्रोत तथा साधनहरुको दृष्टिले सबल बनाउन आयोगलाई आवश्यक मेशिनरी एवं कार्यालय सामाग्रीहरुको टेण्डर गरी खरिद गरिएको।

- वार्षिक पदपुर्ति कार्यतालिका आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ प्रकाशन हुनुका साथै आ.व.२०७७/७८ को विज्ञापन बमोजिम विभिन्न पदहरुको लिखित लगायत अन्य परिक्षा सञ्चालन गरी उम्मेदवार सिफारिस गरिएको।
- विभिन्न सेवा समुहका तह ४ देखि ९ सम्मका विविध पदहरुको परीक्षाका लागि पाठयक्रम स्वीकृत गरी लागु गरिएको।
- विभिन्न सेवा/समूह/उपसमूह/तह तथा पदहरुको १०४० जना माग पदसंख्या मध्ये ८०७ जना बागमती प्रदेश अन्तर्गत प्रदेश मन्त्रालय वा अन्तर्गत र विभिन्न स्थानीय तहहरुमा सिफारिस भएको र २३३ जना सिफारिस हुन बाँकी रहेको। आर्थिक वर्ष २०७७/७८ मा विज्ञापन भएका विभिन्न सेवा, समुह, उपसमुह र पदहरुको आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्मको पदपूर्ति सम्बन्धी विवरण तालिका नं. ४.२ मा देखाईएको छ।

**तालिका नं. ४.२ परीक्षामा सम्मिलित उम्मेदवारको संख्या सम्बन्धी विवरण।**

| तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| चौथो तह | २१०८२ | २२९३२ | ४४०१४ |
| पाँचौ तह | ११७६६ | १८१५७ | २९९४१ |
| छैटौं तह | ८७० | २३४७ | ३२१७ |
| **जम्मा** | **३३७१८** | **४३४५४** | **७७१७२** |

स्रोतः प्रदेश लोकसेवा आयोग, बागमती प्रदेश।

## ४.३ मुख्यन्यायधिवक्ताको कार्यालय

- प्रदेश सरकार र मातहत कार्यालयहरुले विभिन्न विषयहरुमा माग गरिएको कानूनी राय सल्लाह दिइएको,
- नियमित रुपमा प्रदेश सरकार तथा सो मातहतका कार्यालयहरु विपक्षी भएका सर्वोच्च अदालत तथा मातहतका र जिल्ला अदालतहरुमा रहेका मुद्दाहरुमा वहस, पैरवी तथा प्रतिरक्षाका साथै नियमित रुपमा मुद्दाको सम्बन्धमा गर्नु पर्ने कामहरु प्रभावकारी रुपमा सम्पादन गरिएको।
- धादिङको धुनिवेशी नगरपालिकामा स्थानीय तहमा रहेको न्यायिक समितिको क्षमता अभिवृद्धि तथा स्थानीय तहका जनप्रतिनिधिहरुलाई परिवर्तित कानूनका सन्दर्भमा जानकारीमूलक कार्यक्रम सम्पन्न गरिएको।

- कानून निर्माण प्रक्रियामा प्रारम्भिक मस्यौदा तयार गर्न, मन्त्रालयबाट मस्यौदा भई आएका कानूनी मस्यौदामा राय दिने र कानून मस्यौदा निर्माणमा सक्रिय सहभागिता जनाईएको।
- प्रदेशका मुख्य न्यायाधिवक्ताहरु बीच अनुभव आदान प्रदान कार्यक्रम रहेकोमा यस कार्यालयबाट गण्डकी प्रदेश र मधेश प्रदेशमा अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्पन्न गरिएको।
- अदालतहरुबाट भएका फैसला र आदेशहरु कार्यान्वयनमा लैजान पहल गरिएको।
- मकवानपुर जिल्लाको थाहा नगरपालिकामा समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिएको ।
- बागमती प्रदेश भित्र रहेको हिरासत कक्षहरुमध्ये ८ जिल्लाका १० हिरासत कक्षहरुको अनुगमन गरी प्रतिवेदन निमार्णको क्रममा रहेको।

## ४.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ को अनसूचीको हेरफेर २०७८ तयार भई लागू भएको।
- "प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८", प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०७८ स्वीकृत भई कार्यान्वयनमा रहेको।
- बागमती प्रदेश सरकारका मन्त्री तथा पदाधिकारीहरुको आचार संहिता,२०७८ तयार भएको।
- प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०७८ कार्यान्वयन भएको।
- मन्त्रालयको कार्यसम्पादनलाई नतिजामुलक बनाउन माननीय मुख्यमन्त्री र सम्बन्धित मन्त्रालयको मन्त्री, सम्बन्धित मन्त्रालयको मन्त्री र सचिव बीच कार्यसम्पादन करार सम्झौता सम्पन्न गरिएको।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्तर्गतको विवरण सम्मिलित वार्षिक प्रगति विवरण प्रकाशन गरिएको।
- विभिन्न विकास साझेदारहरूसँग प्रदेशको सर्वाङ्गिण विकासमा सहकार्य तथा समन्वयका सम्बन्धमा अन्तरक्रिया गरिएको।
- बागमती प्रदेश स्तरीय लैङ्गिक समानता तथा समावेशीकरण (GESI) संग सम्बन्धीत अभिमुखीकरण तालिम सञ्चालन गरिएको।

- प्रदेश कार्यक्रम कार्यान्वयन ईकाई (PPIU) सँग सम्बन्धित वार्षिक समीक्षा र कार्य योजना बैठक सम्पन्न भएको।
- बागमती प्रदेश सरकारको वार्षिक कार्यक्रममा समाहित भएअनुरूप बागमती प्रदेश भित्रका १३ जिल्ला समन्वय समितिहरूलाई समितिहरूको विभिन्न कार्य सञ्चालन गर्न जिल्ला समन्वय समिति सहयोग कार्यक्रमका लागि रु ५ करोड २० लाख हस्तान्तरण गरिएको।
- बागमती प्रदेशको एकीकृत जिन्सी विवरण प्रकाशन गरिएको।
- बागमती प्रदेशको नीति तथा कार्यक्रमसँग प्रदेशका मन्त्रालयहरूको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न एकीकृत माइलस्टोन तर्जुमा र प्रकाशन गरिएको।
- प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न भई राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउनु पर्ने विषय तय गरिएको।
- प्रदेश विकास कार्यक्रम (विशेष) कार्यविधि २०७८ अनुसार मन्त्रिपरिषदबाट २२९९ आयोजनाहरु स्वीकृत भई बिषयगत मन्त्रालयहरुबाट कार्यान्वयन भएको।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएको कर्मचारीहरुको अभिलेख व्यवस्थापनको लागि "प्रदेश किताबखाना (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८" स्वीकृत भई अभिलेख व्यवस्थापनको कार्य शुरू भएको ।प्रदेश अभिलेख केन्द्रको अस्थायी दरबन्दी संरचना स्वीकृत भएको।

## ४.५ आर्थिक मामिला तथा योजना मन्त्रालय

मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ मा बजेट कार्यान्वयनमा सहजता तथा वित्तीय अनुशासन कायम गर्नका लागि देहायका ऐन/कानुन तर्जुमा गरेको छ।

- सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०७९ स्वीकृत
- प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ मा.मन्त्रीस्तर निर्णयानुसार स्वीकृत
- प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ स्वीकृत
- बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत
- प्रदेश सरकारको आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन, २०७८ स्वीकृत
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को मस्यौदा तयार
- प्रदेश विनियोजन ऐन, २०७९
- प्रदेश आर्थिक ऐन, २०७९

- प्रदेश सरकारको आ.व.२०७७/७८ को एकीकृत वार्षिक वित्तीय विवरण तोकिएको समयमा नै तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परिक्षक कार्यालयमा पेश गरिएको। त्यसैगरी आन्तरिक लेखा परीक्षण प्रतिवेदन र एकीकृत जिन्सी प्रतिवेदन तोकिएको समयमा नै तयार गरी एकीकृत वित्तीय प्रतिवेदन सार्वजनिक गरिएको।
- प्रदेश सरकारको सार्वजनिक खर्चलाई प्रभावकारी बनाउनका लागि आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत कार्यक्रमहरुको विषयगत निकायहरुको कार्ययोजना लाई एकीकृत गरी मन्त्रालयगत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रकाशन गरिएको। उक्त पुस्तिका सम्बन्धित विषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरु र प्रदेश सभाका माननीय सदस्यहरुलाई वितरण गरि वार्षिक कार्यक्रमका सम्बन्धमा जानकारी प्रदान गरिएको छ।
- आर्थिक वर्ष २०७८/७९ मा आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रगति विवरण, आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक र चैत्रमसान्तसम्मको मन्त्रालयगत प्रगति विवरण प्रकाशन गरिएको।
- प्रदेश सरकारका विषयगत मन्त्रालय/निकायहरुसँग आवश्यक सूचनाहरु संकलन गरी बागमती प्रदेश आर्थिक सर्वेक्षण २०७८/७९ प्रकाशन गरिएको।

## ४.६ उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय

- कृषि तथा वन्यजन्तु हस्तकला तथा परम्परागत पेशागत उद्योग र स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगहरुको सञ्चालन र आधुनिकीकरण गर्न तथा युवा उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्न प्रविधि हस्तान्तरण कार्यविधि, २०७८ तर्जुमा भएको।
- कार्य सञ्चालन कार्यविधि २०७८, तर्जुमा भएको।
- प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७८ र प्रादेशिक व्यापार तथा व्यवसाय नियमावली, २०७८ को मस्यौदा तयारी भएको ।
- मन्त्रालयको लक्ष्य अनुसार बजार अनुगमनका कार्यहरु उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १३ वटै जिल्लाबाट प्रभावकारी रुपमा गरिएको।
- हेटौडा उ.म.न.पा.को सहकार्यमा हेटौडा - ४ मकवानपुरमा वृहत घरेलु तथा उद्योग उपज प्रदर्शनी भवन तथा संरचना पूर्वधार निर्माण (भवन निर्माण) कार्य करिब ४० प्रतिशत सम्पन्न भएको ।
- दोलखाको उद्योग ग्राम क्षेत्रमा पूर्वाधार निर्माण कार्य सूचारु हुने अवस्थामा रहेको।
- धादिङ जिल्लाको मासटारमा उद्योग उपज विक्री केन्द्रको कम्पाउण्ड वालको निर्माण भएको।

## ४.७ वन तथा वातावरण मन्त्रालय

- जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावार विकास बोर्ड नियमावली २०७८, वातावरण संरक्षण नियमावली २०७८, को मस्यौदा तयार भएको । कार्यक्रम सञ्चालनका लागि आवश्यक ४ वटा कार्यविधि (क्षेत्रगत/कार्यक्रमगत) तर्जुमा भएको।
- भू तथा जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यमा सहजता ल्याई बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मकवानपुर, रामेछाप र नुवाकोट जिल्लामा नयाँ भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरुको स्थापना भएको।
- सामुदायिक वनबाट ढलापडा रुख(काठ दाउरा) संकलन विक्रि वितरण र वन संवर्द्धन सम्बन्धमा नीतिगत निर्णय भएको।
- मन्त्रालय अन्तर्गत विभिन्न राजस्व शिर्षकहरुमा रू. १२,३८,३९,२८४.६/- राजस्व संकलन भएको।
- जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रम अन्तर्गत ८६ वटा जल पूर्नभरण पोखरी निर्माण /३० वटा संरक्षण पोखरी निर्माण, ८३९.३२ हेक्टरमा १५८९३९४ वटा विभिन्न प्रजातिको वृक्षारोपण, वन डढेलो नियन्त्रण लगायतका कार्य डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत सम्पन्न भएको।
- शहरी क्षेत्रका नदी किनार जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरु गरी १०० हेक्टर क्षेत्रमा ११७ वटा पार्क निर्माण कार्य डिभिजन वन कार्यालय मार्फत सम्पन्न भएको।
- भू संरक्षण तथा अनियमित कटान नियन्त्रणका लागि वन गस्ती, वन डडेलो नियन्त्रण अन्तर्गत उपभोक्ता समिति मार्फत २०२३० मिटर बाढी पहिरो नदी खोला खहरे नियन्त्रण गर्ने संरचनाहरु निर्माण भई २८७६७५ श्रमदिन रोजगार सिर्जना भएको।साथै ८६ वटा रिचार्ज/संरक्षण पोखरी निर्माण १२८४ वटा पहिरो तथा खहरे व्यवस्थापन कार्य भएको।
- टिमुर, अमला, सतुवा, चिराइतो, लौठसल्ला जस्ता प्रजातीको जडीबुटी विरुवा उत्पादन/खरिद गरी ६२२९८५ वटा विरुवा ३९५.६७ हेक्टरमा रोपण गरिएको।
- उप जलाधार व्यवस्थापन कार्यक्रम (उपजलाधार ब्यवस्थापन योजनामा तोकिएको कार्यक्रम, एक उपजलाधार क्षेत्रमा मात्र) भू तथा जलाधार ब्यवस्थापन कार्यालयहरुबाट कार्यान्वयन भएको ।यस अन्तर्गत संवेदनशील क्षेत्रमा २ लाख ८६ हजार फलफूल तथा बाँस लगायतका विरुवा रोपण तथा वृक्षरोपण भएको।

## ४.८ संस्कृति तथा पर्यटन मन्त्रालय

- मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाको कार्य प्रभावकारी र छिटो छरितो गर्न तथा सेवाग्राहीको सहज पहुँच स्थापना गर्ने अभिप्रायले संघीय राजधानी काठमाण्डौमा पर्यटन विकास आयोजनाको ईकाइ कार्यालयको स्थापना गरिएको।
- पर्यटन विकास आयोजनाको स्वीकृत कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ तयार भएको ।
- प्रदेश पर्यटन ऐन, २०७९ लागू भएको।
- सास्कृतिक संस्थानको समन्वयमा बुद्ध थिएटर फेस्टिबल सञ्चालन गरिएको ।

## ४.९ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

- सहकारी प्रबर्द्धन (तालिम तथा सामाग्री सहयोग) कार्यक्रम सञ्चालन कार्यविधि २०७९
- प्रदेश सहकारी नियमावली, २०७६ संशोधनको प्रक्रियामा रहेको।
- मालपोत तथा नापी कार्यालयहरुको भौतिक पूर्वाधार विकास, संस्थागत सुदृढीकरण र श्रेस्ता व्यवस्थापनका लागि बजेट तथा अख्तियारी पठाईएको।
- विभिन्न सहकारी संघ संस्थाहरुका व्यवस्थापकहरु, कर्मचारीहरु, सञ्चालक तथा सदस्यहरुलाई देहायका तालिम प्रदान गरिएको।
    - ➢ ६ दिने सहकारी आधारभूत व्यवस्थापन तालिम - ४ वटा
    - ➢ ६ दिने सहकारी आधारभूत लेखापालन तालिम- २ वटा
    - ➢ ३ दिने अनुगमन प्रणाली सम्बन्धी तालिम- ३ वटा
    - ➢ ३ दिने सीप विकास तथा व्यवसाय प्रवर्द्धन तालिम- ३ वटा
    - ➢ २ महिने सिलाई कटाई सम्बन्धी तालिम दिईएको।
    - ➢ ३ वटा जिल्लामा प्रदेशस्तरीय सहकारी गोष्ठी सञ्चालन गरिएको।
    - ➢ ४ वटा जिल्लामा सञ्चालन समिति, लेखा समिति र कर्मचारीहरुलाई २ दिने पुर्नताजगी तालिम प्रदान गरिएको।
    - ➢ सहकारी कार्यशाला गोष्ठी सम्पन्न गरिएको।
- आर्थिक वर्ष २०७८/७९ मा २०५ सहकारी संस्था एक आपसमा गाभिई ८५ वटामा कायम भएको छ भने १८७ सहकारी संस्था दर्ता भएका छन्।
- समीक्षा अवधिसम्ममा २८४ सहकारी संस्थाको विनियम संशोधन भएको छ।साथै सहकारीहरु उपरको १५० वटा उजुरीहरुको छानविन र कारवाही प्रक्रिया अघि बढाईएको।
- प्रदेश सहकारी विकास बोर्ड गठन भएको।

## ४.१० कृषि तथा पशुपन्छी विकास मन्त्रालय

आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट कार्यान्वयनका लागि देहायका कार्यविधि, मापदण्डहरु तर्जुमा गरिएको।

- कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७८
- व्यबसायिक तरकारी, च्याउ तथा पुष्प खेती प्रवर्द्धनको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८
- कृषि मेशिनरी वर्कसप स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- नमूना बिउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८
- अति बिपन्न कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- पशु स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०७८
- पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- सहायक बालीको स्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८
- भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petis Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०७८
- शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८
- बेमौसमी वर्षाका कारण धानबालीमा क्षति व्यहोरेका कृषकहरु लक्षित गहुँ/तोरी बालीको बीउमा राहत वितरण सम्वन्धी कार्यविधि, २०७८
- स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८
- सहकारी बजार सञ्चालन मापदण्ड, २०७८
- सेवा करारमा कर्मचारी छनौट सम्वन्धी कार्यविधि, २०७९

आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका अन्य कार्यहरु देहाय बमोजिम छन:

- चितवनको खैरहनी नगरपालिका, धादिङ्गको बेनीघाट रोराङ्ग गाँउपालिका, सिन्धुलीको सुनकोशी गाँउपालिका, रामेछापको मन्थली नगरपालिका, दोलखाको जिरी नगरपालिका, सिन्धुपाल्चोकको इन्द्रावती गाँउपालिका र लिशंखुपाखर गाँउपालिका, रसुवाको कालिका

गाँउपालिका, नुवाकोटको बिदुर नगरपालिका र बेलकोटगढी नगरपालिका गरी ८ जिल्लाका १० स्थानमा शीत भण्डार निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको।

- मानव  र वन्यजन्तुबीच हुने द्वन्द्व न्यूनीकरण तथा कृषि बालीको सुरक्षाको लागि चितवन राष्टिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्रका उपभोक्ता र स्थानीय तहको समन्वयमा थप १.९६ कि.मि. पर्खाल निर्माण भएको।
- पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि साझेदारसँग सम्झौता भई निर्माणको प्रक्रिया प्रारम्भ भएको।
- मकवानपुर जिल्लाको हेटौंडामा दुध पाउडर प्लान्ट निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको, प्रशासनिक भवन, मुख्य कारखाना भवन, वोइलर भवन र कोल्ड स्टोर भवन निर्माणको अन्तिम चरणमा रहेको। Effluent Treatment Plan अन्तर्गतका कामहरु सम्पन्न हुने चरणमा रहेको।
- हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भएको, मुख्य भवन मध्ये wholesale तथा retail shop को संरचना निर्माण कार्य सम्पन्न्न भएको तथा बाँकी निर्माण कार्य द्रुत गतिमा भैरहेको।
- दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणाली अन्तरगत प्रति लिटर रु. १.६३८ का दरले २६० सहकारी संस्थाका कृषकहरुलाई रु.१५ करोड ९९ लाख ५२ हजार ७ सय १४ रुपैयाँ रकम उपलब्ध गराइएको ।
- कृषकहरुलाई बीउ उत्पादनमा प्रोत्साहन गर्न उत्पादनका आधारमा ४४६.८५ मे.टन बीउको लागि प्रति के.जी. रु. २० का दरले रु. ८९ लाख ३७ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइएको ।
- खेतीयोग्य बाँझो जग्गामा उत्पादनका लागि प्रोत्साहन गर्न कृषकहरुलाई २४९१.५ रोपनी बाँझो जग्गामा खेती गरेबापत् प्रति रोपनी २ हजारका दरले रु. ४९ लाख ८३ हजार प्रोत्साहन रकम उपलब्ध गराइएको ।
- सिँचित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न मागमा आधारित डिप वोरिङ्ग १४, स्यालो बोरिङ्ग ६४ तथा  साना सिँचाइ ३०५ कार्यक्रमबाट थप ७४५ हेक्टर सिंचित क्षेत्र विस्तार भएको ।
- मौरीपालन विकास कार्यक्रम, भण्डाराबाट १०८९ के.जी. मह उत्पादन तथा बिक्रीबाट रु. ४ लाख ३५ हजार ६ सय राजस्व आम्दानी भएको ।

- मत्स्य विकास केन्द्रहरुबाट ह्याचलिङ्ग, फ्राई, फिङ्गरलिङ्ग र खाने माछा उत्पादन तथा बिक्री वितरणबाट रु. ४७ लाख ५४ हजार रुपैयाँ राजस्व आम्दानी भएको ।
- प्रदेश कृषि विकास विधेयक, २०७८ र प्रदेश पोल्ट्री विकास विधेयक, २०७८ को मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।
- प्रदेश मन्त्रिपरिषदको निर्णयानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको बीउ बिजन प्रयोगशाला, हेटौंडालाई प्रदेश बीउ बीजन व्यवस्थापन समितिको सचिवालयको रुपमा कार्य गर्ने गरी प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सञ्चालन गरिएको ।
- कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरणको लागि ५१ बुँदे मार्गचित्र सार्वजनिकरण गरी सोही वमोजिम कार्यक्रम सञ्चालन गरिएको।
- भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि २०७८ माघ २५ देखि फागुन २ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी ८३०१८७ भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाईएको ।

## ४.११ भौतिक पूर्वाधार विकास मन्त्रालय

आर्थिक वर्ष २०७८/७९ मा तयार भएका कानूनहरु:

- प्रदेश सार्बजनिक सडक ऐन , २०७८
- प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८
- सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी रकम खर्च व्यवस्थित गर्ने कार्यविधि, २०७८
- निजी क्षेत्रमा पर्ने घर, टहरा सम्बन्धी क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७८
- झोलुंगे पुल रणनीति, २०७८

- प्रदेश पुष्पलाल चक्रपथको धादिङ्ग मकवानपुर खण्डको ठेक्का व्यवस्थापन भई स्तरोन्नति कार्य भईरहेको।
- दक्षिणकाली छैमले (काठमाडौं खण्ड) मा सडक चौडा गर्ने तथा स्ट्रक्चरहरुको निर्माण कार्य भईरहेको, कुलेखानी देखि सिस्नेरी तर्फ ६ कि.मि. सडक कालोपत्रे (डी.बि.एस.टि.) सम्पन्न भई सिस्नेरी छैमले (मकवानपुर खण्ड) मा स्ट्रक्चरहरुको निर्माण कार्य भईरहेको।
- प्रदेश सभा हल निर्माण कार्य अन्तिम चरणमा रहेको एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभा हलको निर्माण कार्य भईरहेको तथा मुख्यमन्त्री तथा मन्त्रालय भवन निर्माणको लागि जग्गा पहिचानको चरणमा रहेको।

- जनता आवास कार्यक्रम अन्तर्गत ६८८ वटा इकाई निर्माण गरिएको।यसका साथै २१२ वटा भवन निर्माण र २६४ वटा पार्क तथा अन्य संरचनाको निर्माण भएको।
- प्रदेशमा सडक पूर्वाधारको अवस्था तालिका ४.११ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.११ हालसम्मको सडक पूर्वाधारको विद्यमान अवस्था**

| क.सं. | विवरण | एकाई | उपलब्धि | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | जम्मा |
| १ | **सडक पूर्वाधार** | | | | | | |
| क) | कच्ची सडक | कि.मि. | ३९५.९९ | १३९.४९ | ६६.०८ | ५२.९ | ६५४.४६ |
| ख) | ग्राभेल (खण्डस्मिथ ) सडक | कि.मि | १४१.८३ | १९०.६२ | २४६.४१ | २०० | ७७८.८६ |
| ग) | कालोपत्रे सडक | कि.मि. | ६७.५९ | १५२.७५ | १९९.०५ | ११६ | ५३५.३९ |
| घ) | ढलान सडक | कि.मि | | ४०.५५ | ४०.३५ | ७३ | १५३.९० |
| २ | **सडक पुल** | वटा | १४ | १८ | १८ | १९ | ६९.०० |
| ३ | **झोलुंगे पूल** | वटा | | | १ | ६ | ७.०० |

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय

## ४.१२ खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय

- प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०७८ तर्जुमा भएको।
- सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि,२०७८ तर्जुमा गरिएको।
- दीर्घकालीन प्रादेशिक गुरुयोजना अनुरुप प्राथमिकता सूचीमा १९५ सिँचाई योजनाहरु समावेश गरिएको। थप नया क्रमागत सहित ३०१ सिँचाई आयोजनाहरु निर्माणाधिन रहेकोमा ८८ वटा सिंचाई योजनाहरु निर्माण कार्यको अन्तिम चरणमा रहेको र १२२ वटा योजनाहरु सम्पन्न भई थप २३७२ हेकटर सिंचित क्षेत्र विस्तार भएको।

- समीक्षा अवधिमा १३ जिल्लामा जम्मा १८५ वटा ईलेक्ट्रिक पोल गाडने, विभिन्न स्थानमा सोलार बत्ती जडान र मर्मत कार्यहरु भएको तथा थप १०.२२५ कि.मि विद्युत लाईन विस्तारको कार्य भएको।
- प्रत्येक घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुर्याउने कार्यक्रम अन्तर्गत प्रदेश तथा संघीय सशर्त अनुदान बाट करिव ८६९ वटा खानेपानी आयोजनाको निर्माण कार्य भएकोमा ७९ वटा आयोजना सम्पन्न भई ११७५८ निजी धारा मार्फत ८८२७३ जना लाभान्वित भएका।
- कुल ११ वटा खानेपानीका स्रोत संरक्षण गरिएको।
- प्रमुख राजमार्गहरुमा स्थानीय तहसँगको सहकार्यमा शौचालयहरुको निर्माण तथा व्यवस्थापन गर्ने नीति अनुरुप आपटारी चितवन र भक्तपुरमा ३ वटा सार्वजनिक शौचालय निर्माण गरिएको।
- खानेपानी सेवाको पहुँचका लागि ६५७.२७ कि.मि. पाइप लाइन वितरण गरिएको ।
- ३९९ वटा पानी पोखरी निर्माण गरिएको।

यसका अतिरिक्त अन्य उपलब्धीहरुको तालिका देहायबमोजिम रहेको छ।

| खानेपानी तथा सरसफाई तर्फ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संरचनाको नाम | | | | | | | | | | | |
| सि.नं. | कार्यालयको नाम | मेन पाइप लाइन कि.मि. | बितरण पाइप लाइन कि.मि. | पानीपोखरी निर्माण गोटा | पानीपोखरीको क्षमता घ.मि. | निजि धारा जडान संख्या | पम्प घर निर्माण | डिप बोरिंग निर्माण | ट्रीटमेन्ट प्लान्ट | ढुंगेधारा धारा/श्रोत संरक्षण | ढल निर्माण कि.मि. | कुल लाभान्वित जनसंख्या खानेपानी | कैफियत |
| १ | खानेपानी तथा सरसफाई डिभिजन नं. १, मकवानपुर | ११५ | ९० | ५७ | | २४४५ | १६ | ८ | | ४ | | ९३५७ | |
| २ | खानेपानी तथा सरसफाई डिभिजन नं. २, धादिंग | २१०.४ | २२६ | १६४ | | ६७१ | ६ | १ | | | ०.२१ | २७६४१ | १९२ वटा इन्टेक |
| ३ | खानेपानी तथा सरसफाई डिभिजन नं. ३, सिन्धुपाल्चोक | १६१ | २०५ | ११९ | | २५५८ | १३ | | | २ | | १३०५९ | |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन नं. ४, रामेछाप | ३० | ४० | ३१ | १८९० | १८४१ | १० | | | १ | | ७८५० | |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन नं. ५, भक्तपुर | ३६.५ | ९६.२७ | २८ | | ४२४३ | २६ | १७ | ११ | ४ | ६.६५ | ३०३६६ | |
| | **कुल जम्मा** | **५५२.९** | **६५७.२७** | **३९९** | **१८९०** | **११७५८** | **७१** | **२६** | **११** | **११** | **६.८६** | **८८२७३** | |

| सिंचाइ तर्फ | | | |
|---|---|---|---|
| | सिंचाई | आवधिक योजना अनुसार | Master Plan २०७८ अनुसार |
| १ | कुल क्षेत्रफल | २०३०० हे. | २०३०० हे. |
| २ | खेती योग्य जमिन | ३४३२७४ हे. | ५३११३० हे. |
| ३ | सिंचाई योग्य जमिन | १६९९२० हे. | २७७६९३ हे. |
| | | ( आ.व ०७५/०७६ सम्म) | (आ.व ०७७/०७८ सम्म) |
| ४ | सिंचित क्षेत्रफल | ९९९१२.९६ हे. (आ.व ०७५/०७६ सम्म) | १४३९७६ हे. आ.व ०७७/०७८ सम्म) |
| | | | |
| | सिंचाई | आवधिक योजना अनुसार | उपलब्धि |
| ५ | आ.व २०७८/७९ को थप बिस्त | ३३९८.४ हे. | २३७२ हे. |
| | | | |
| | तटबन्ध | आवधिक योजना अनुसार | उपलब्धि |
| १ | आ.व २०७८/ ७९को थप | १५ कि.मि | १२.१२८ कि.मि |
| | | | |
| | उर्जा | आवधिक योजना अनुसार | उपलब्धि |
| १ | आ.व २०७८/०७९ सम्मको उ | ६०० किलोवाट घण्टा | ४१४.८५ किलोवाट घण्टा |

| २०७८/०७९ को मुख्य मुख्य कार्यहरु | | | |
|---|---|---|---|
| क.सं | संरचनाको नाम | ईकाई | उपलब्धी |
| सिंचाई तर्फ | | | |
| १ | Canal Lining | Km | १०५.२७८ |
| २ | HDPE Pipe Canal | Km | १११.४७५ |
| ३ | Super Passage | No. | ६९ |
| ४ | Aqueduct | No. | १७ |
| ५ | VRB | No. | ४७ |
| ६ | Desilting Basin | No. | ४ |
| ७ | Core Wall | m | ३१ |
| तटबन्ध तर्फ | | | |
| १ | Vertical Gabion Wall | Km | ११.५८२ |
| २ | Embankment +Plumb C | Km | १२.१२८ |
| ३ | Spur/Stud/ Check Dam | No. | १४२ |
| उर्जा तर्फ | | | |
| १ | Electric Pole | No. | १८५ |
| २ | Distribution line Extensio | Km | १०.२२५ |

स्रोत: खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय

## ४.१३ श्रम, रोजगार तथा यातायात मन्त्रालय

- सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ तर्जुमा गरिएको।

- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट/सञ्चालन) कार्यविधि, २०७८ तर्जुमा गरिएको।
- सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८ तर्जुमा गरिएको।
- श्रम तथा रोजगार नीति तयार गरि सहमतिका लागि पठाईएको।
- प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७८ को मस्यौदा तयारी भईरहेको। साथै प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युत्तीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ प्रदेश सरकारबाट स्वीकृत भएको ।
- बागमती प्रदेश भित्रका यात्रुबाहक सार्वजनिक सवारी साधनमा नगदरहित विद्युत्तीय भुक्तानी प्रणाली लागू गर्न प्रस्ताव आव्हान गरी छनौटको अन्तिम चरणमा रहेको।
- यातायात व्यवस्था कार्यालय खुर्कोट सिन्धुलीमा स्थापना गरी सेवा सुचारु गरिएको।
- प्रदेश भित्रका सार्वजनिक सवारी साधनको भाडा निर्धारण/समायोजन सम्बन्धी सूचना जारी गरिएको।

## ४.१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय

- समीक्षा अवधिमा विपद् खोज उद्धार तथा राहत विवरण मापदण्ड सम्बन्धी कार्यविधि,२०७८, प्रदेश सञ्चार माध्यम व्यवस्थापन (तेश्रो संशोधन) नियमावली, २०७८, प्रदेश विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोशाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको।
- यस अवधिमा ऐन-५, नियमावली-१, विनियमावली-१, अध्यादेश-५, कार्यविधि-२२, निर्देशिका -१ र मापदण्ड-४ गरी कुल ३९ वटा कानून राजपत्रमा प्रकाशन गरिएको।
- "केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७८", प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७८ र प्रदेश विपद् व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७८ प्रदेश सभामा दर्ता भई पारित हुने क्रममा रहेको।
- प्रदेश सभा एवम् प्रदेश सरकारबाट निर्माण भएका मूल एवं संशोधित विषयका विभिन्न कानूनहरुको एकीकरण एवं अध्यावधिकरणको लागि मन्त्रालयको वेबसाइट, कानून एप र स्मार्ट अभिलेख सफ्टवेयरमा एकीकृत स्वरुपमा अभिलेख गरी अध्यावधिक गरिएको।
- प्रदेश भित्रका १० वटा जिल्लाका स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिको लागि पहिलो चरणमा ५ वटा जिल्लाका स्थानीय तहका कर्मचारीको सहभागितामा चितवन जिल्लामा र दोस्रो चरणमा ५ वटा जिल्लाका स्थानीय तहका कर्मचारीको सहभागितामा काभ्रेपलाञ्चोक जिल्लामा तालिम सम्पन्न भएको।

- प्रदेश भित्रका ११६ स्थानीय तहमा (१०२ स्थानमा निरन्तरता) र १४ स्थानमा(तीन महानगर बाहेक) नयाँ विज्ञापन भई पदपूर्ति भएको। स्थानीय न्यायीक सहजकर्तालाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको।
- प्रदेश सुरक्षा समितिको ९ पटक बैठक बसी प्रदेश भित्रको सुरक्षा अवस्थाको सूचना आदान प्रदान गरिएको ।
- मिति २०७८।०९।१६ गते सिन्धुली, मकवानपुर, चितवन र धादिङ्ग जिल्लाको जिल्ला सुरक्षा समिति को सहभागितामा चितवन जिल्लामा प्रदेश सुरक्षा गोष्ठी एवं अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको ।
- प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुलाई छुट्टै पोशाक प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम ४८ जना सुरक्षाकर्मीहरुलाई पोशाक प्रदान गरिएको।
- प्रदेश सरकारबाट वितरण गरिने विज्ञापनहरुको अनुगमन तथा नियमन गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा ६ सदस्यीय विज्ञापन अनुगमन तथा नियमन समिति गठन गरिएको
- शान्ति पार्क निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई (मिति २०७८।११।२९ गते) रु. २ करोडको अख्तियारी प्रदान गरिएको ।
- ट्राफिक प्रहरी भवन रामनगर चितवनको रामनगरमा ट्राफिक प्रहरी भवन निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई (मिति २०७८।११।२९ गते) रु. २० लाखको अख्तियारी प्रदान गरिएको ।
- चितवनको रत्ननगरमा प्रहरी चौकी निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई (मिति २०७८।११।२९ गते) रु. २० लाखको अख्तियारी प्रदान गरिएको ।
- सशस्त्र प्रहरी बल नेपाल ३ नं. गढीमाई बाहिनीमा Water Treatment Plant जडान गरिएको साथै भवन निर्माण कार्य भईरहेको ।
- कारागार कार्यालय भिमफेदीमा Water Reservoir र कारागार कार्यालय सिन्धुलीमा सेप्टीक ट्याङ्क निर्माण सम्पन्न भएको।
- मुख्यमन्त्री विशेष आयोजनातर्फ रेडियो अर्पण चितवन, रेडियो धादिङ, धादिङ र रेडियो मेलम्ची, सिन्धुपाल्चोकलाई ५ लाखका दरले उपकरण खरिद गरी हस्तान्तरण गरिएको ।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०७९ तयार गरी कार्यकारी समितिबाट अनुमोदन गरिएको।
- कार्यकारी र कोष सञ्चालन समितिको बैठक ७/७ पटक बसेको ।
- प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश गोदामघर सञ्चालनका लागि कार्यविधि मस्यौदा तयार गरिएको ।
- श्री सशस्त्र प्रहरी बल नेपाल विपद व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनको संरचनात्मक सुधारका लागि मुख्यमन्त्री विशेष आयोजना अन्तर्गत २ वटा व्लक भवनमा नयाँ जस्ता लगाइएको ।

- मुख्यमन्त्री विशेष आयोजना अन्तर्गत सुरक्षा निकायहरुलाई हस्तान्तरण गर्ने प्रयोजनका लागि रु ५ लाख बराबरको विपद् उद्धार सामग्री खरिद गरिएको ।
- हाम्रो ध्यान युवा सचेतना अभियान सम्बन्धी तालिम निर्देशिका र पुस्तक छपाई कार्यसम्पन्न भएको ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि मेलमिलाप, कानून निर्माण र राजपत्र सम्पादन तथा प्रकाशन सम्बन्धी तालिम २ चरण गरी सम्पन गरिएको ।
- बागमती प्रदेश सरकार (मन्त्रिपरिषद्) ले घोषणा गरेबमोजिमको सम्मान तथा पदकहरुको सुशोभन कार्यक्रम सम्पन्न गरेको ।
- सार्वजनिक खरिद व्यवस्थापन तालिम सम्पन्न गरेको ।

## ४.१५ स्वास्थ्य मन्त्रालय

आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट कार्यान्वयनका लागि तर्जुमा गरिएका कानूनहरु देहायअनुसार रहेका छन।

- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८
- प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०७९
- प्रदेश भित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन (पहिलो संशोधन) आदेश, २०७८
- मन्त्रालय र मातहतका निकायबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यसञ्चालन मार्गदर्शन,२०७८/०७९
- "एक विद्यालय एक नर्स, कार्यविधि २०७८"
- "स्वास्थ्य आमा समूहलाई स्वास्थ्य प्रर्वद्धन प्रविधिको अनुशरणका लागि साना अनुदान सम्बन्धी कार्यविधि, २०७८"
- "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८"
- "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य तर्फको सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८"
- "प्रदेशका बिपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८"

- "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८"
- "सामुदायिक एवम् गैर नाफा मूलक अस्पतालको लागि पुँजीगत सुधार सम्बन्धी कार्यविधि, २०७८"
- "मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार) व्यवस्थापन कार्यविधि, २०७९"

- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान कार्यक्रम अन्तर्गत बागमती प्रदेशका सरकारी तथा निजी गरी १२ वटा अस्पताल सँग सम्झौता गरी कार्यक्रम सहुलियत प्रदानमा निरन्तरता दिइएको छ । हाल सम्म रु.८ करोड ४ लाख ११ हजार बराबरको रकम सहुलियत प्रदान गरिएको ।
- सवारी दुर्घटनाबाट हुने घाइतेको उपचारका लागि राजमार्गमा अवस्थित गजुरी गाउँपालिका, मनहरी गाउँपालिका, मन्थली नगरपालिका, मेलम्ची नगरपालिका स्थित स्वास्थ्य संस्थामा प्राथमिक उपचार व्यवस्थापनको लागि औजार उपकरण व्यवस्थापन गरिएको।
- एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत १५७ जना विद्यालय नर्सलाई नियुक्ति दिई सम्बन्धित स्थानीय तहमा परिचालन गरिएको (१०० नयाँ विद्यालयमा विस्तार, ५७ पुराना विद्यालयमा पद पूर्ति)।
- प्रादेशिक सरुवा रोग अस्पताल स्थापनाका लागि सम्भाव्यता अध्ययनको कार्य भैरहेको।
- धुलिखेल अस्पतालसँग शैक्षिक कार्यक्रम, प्राविधिक सहयोग, स्वास्थ्यसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रम, तालिम, अस्पताल सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि सम्झौता गरिएको।
- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र सँग सम्झौता गरी निःशुल्क हृदयघात उपचार सेवा अघि बढाईएको, बागमती प्रदेशका ११९ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुको लागि अब्स्ट्रेटिक फिस्टुला रोगको पहिचान र उपचार सम्बन्धी एक दिने तालिम/अभिमुखीकरण सञ्चालन गरिएको, नसर्ने रोगको स्वास्थ्य परिक्षण कार्यका लागि स्वास्थ्य संस्था छनौट भएको। अन्य कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि स्विकृत भएको।
- आ.व. ०७९/०८० को योजना तर्जुमा कार्यशाला र **PLMBIS** सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको।
- मन्त्रालयको संगठन संरचना संशोधनको प्रक्रिया अघि बढाईएको।
- स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (MSS) मापन कार्यक्रम मेथिनकोट, रसुवा, हेटौंडा, सिन्धुली, धादिङ्ग, त्रिशुली अस्पतालमा सम्पन्न गरिएको छ । जस अन्तर्गत

९४ प्रतिशत र ९३ प्रतिशत अंक ल्याई त्रिशुली अस्पताल र धादिङ्ग अस्पताल क्रमशः नेपालको हाल सम्मको २ उत्कृष्ट अस्पताल भएको ।

- गैरनाफामूलक सामुदायिक अस्पताललाई अनुदान दिने कार्यक्रम अन्तर्गत श्री छत्रपाटी निःशुल्क चिकित्सालय, काठमाण्डौलाई औजार उपकरण खरिदको लागि रु. ३१ लाख ८७ हजार ९९९ अनुदान उपलब्ध गराइएको ।
- निजी तथा गैर सरकारी अस्पतालको निरन्तर नियमन तथा अनुगमन गरिएको।
- IRL Freeze, Hemodialysis, Oxytocin, Vit K. लगायतका औषधी खरिद गरी अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा वितरण गरिएको।
- धादिङ, हेटौंडा, धुलिखेल, काठमाण्डौमा एम्बुलेन्स डिस्प्याच सेन्टर स्थापना को प्रक्रिया अघि बढाइएको।
- ११९ स्थानीय तहका स्वास्थ्य महाशाखा/शाखा प्रमुखलाई योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- उच्चस्तरको रोग निदानात्मक सेवा प्रदान गर्न हेटौंडा अस्पतालको लागि MRI मेशिन, महिलाको गर्भको जटिलता जाँच गर्न प्रयोग गरिने Portable ultrasound machine ६४ वटा स्थानीय तहका स्वास्थ्य संस्थालाई हस्तान्तरण र ११ अस्पतालहरुमा NICU स्थापना गर्ने प्रक्रिया अघि बढाइएको। निःशुल्क औषधीहरु प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा निरन्तर आपूर्ति गरिएको।
- नियमित भ्याक्सिन लगायत, Anti-Rabies, Anti Snake Venom बागमती प्रदेशका जिल्लाहरुमा व्यवस्थापन गरिएको ।
- प्रदेश सरकार अन्तर्गतका १३ अस्पतालहरु मध्ये ६ वटा (बकुलहर, धादिङ्ग, रामेछाप, चरिकोट, बज्रबाराही र चौतारा) अस्पतालमा पिसिआर ल्याब स्थापना गरी कोभिड-१९ को द्रुत परिक्षण सेवा सञ्चालनमा ल्याइएको ।
- कोभिड-१९ व्यवस्थापनका लागि तथा स्वास्थ्य सेवामा विस्तार एवम् जनशक्ति अभाव पूर्ति गर्नाका लागि आवश्यक जनशक्तिको अनुमान गरी ६२० जनाको अस्थाई दरवन्दी स्वीकृति गरी कर्मचारी व्यवस्थापन गरिएको ।
- नेपाल सरकारबाट कोभिड-१९ विरुद्धको खोपहरु प्राप्त गरी स्वास्थ्य कार्यालयहरुको समन्वयमा प्रदेश तथा स्थानीय तहहरु अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत कोभिड-१९ विरुद्धको खोप सेवा सञ्चालन गरिएको।
- प्रदेश अस्पतालमा स्थापना गरिएको अक्सिजन प्लान्टको फिलिङ बुस्टर तथा पि.आइ.सि.यू स्थापनाको लागि आवश्यक सामग्रीको खरिद प्रक्रिया अघि बढाइएको । जिबजिबे प्राथमिक स्वास्थ्य केन्द्रमा बुस्टर सहितको अक्सिजन प्लान्ट स्थापना गरिएको।

- प्रादेशिक अस्पताल तथा स्थानीय तहहरु अन्तर्गत सञ्चालित स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड सुनिश्चितताको लागि आवश्यक अभिमुखीकरण तथा सेवा सुदृढीकरणको लागि बजेट व्यवस्था गरिएको।
- स्थानीय तहका ३५९ वटा सामुदायिक माध्यामिक विद्यालयहरूमा "एक विद्यालय एक नर्स कार्यक्रम" अन्तर्गत परिचालित स्वास्थ्यकर्मीलाई कोभिड-१९ को रोकथाम नियन्त्रणमा सचेतना जगाउने र उपचारका लागि अस्पताल एवमं स्वास्थ्य संस्थामा समेत आवश्यकताअनुसार खटाउने व्यवस्था मिलाईएको।
- कोभिड -१९ लगायत महामारी जन्य रोगहरूको रोकथाम, उपचार र नियन्त्रणका कार्यमा पहिलो र दोश्रो लहरमा अग्रपङ्तिमा खटिएका ४६९ जना स्वास्थ्यकर्मीको करार सेवा थप गरिएको।
- प्रदेश स्वास्थ्य सेवा नियमावली संशोधन भएको भने प्रदेश स्वास्थ्य सेवा ऐन संशोधनको प्रक्रिया अघि बढाइएको।
- बागमती प्रदेशका विपन्न नागरिकहरुका लागि निःशुल्क रक्त सञ्चार सेवा प्रदान गर्ने सम्बन्धी कार्यविधि निर्माण गरी रक्तसञ्चार सेवा प्रदान गर्ने कार्यलाई सहज बनाउनका लागि १३ प्रादेशिक अस्पताल, भरतपुर अस्पताल, बि.पि कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, परोपकार प्रसुति गृह, कान्ति बाल अस्पतालसँग चालु आ.व.मा सम्झौता गरी कार्यान्वयन अघि बढाइएको ।
- प्रदेश भित्रका लोपोन्मुख र सिमान्तीकृत जातिहरुको सुरक्षित मातृत्व सेवा तथा खोप सेवामा पहुँच वृद्धि गर्नका लागि प्रोत्साहन स्वरुप रु पाच हजार प्रदान गर्ने कार्यक्रम सञ्चालन भएको।

**विशेष अनुदान कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका मुख्य मुख्य गतिविधिहरुः**

- प्रसुती केन्द्र सवलिकरण आयोजना अन्तर्गत प्रसुती केन्द्रलाई वातावरण अनुकूल बनाउन सौर्य उर्जा जडान कार्यक्रम अन्तर्गत कालिञ्चोक स्वास्थ्य चौकी, दोलखा; फुलखर्क ग्रामीण अस्पताल, धादिङ्ग र भाल्चे स्वास्थ्य चौकी, नुवाकोट; तातोपानी स्वास्थ्य चौकी, जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक; चितवनमा गरी ६ स्वास्थ्य संस्थामा सौर्य उर्जा जडान गरिएको।
- कार्यक्रम लागू भएका जिल्लाहरुमा प्रसुति केन्द्रको सवलीकरणको लागि आवश्यकतामा आधारित टायलिङ्ग तथा मर्मत सम्भार गर्ने, प्रसुति केन्द्रका लागि आवश्यक औजार, उपकरण खरिद तथा व्यवस्थापन गर्ने; प्रसुती प्रतिक्षालयको स्थापना तथा सञ्चालन, नवजात शिशु स्याहार कर्नरको स्थापना तथा सञ्चालन गर्ने कार्यक्रमहरु सञ्चालन गरिएको।

- २२ स्थानीय तहका ११० स्वास्थ्य आमा समूहहरुको लागि स्वास्थ्य प्रवर्द्धन प्रविधि अनुशरणको लागि साना अनुदान प्रदान गरिएको। ११० स्वास्थ्य आमा समूहहरु मध्ये उत्कृष्ट कार्य गर्ने प्रत्येक एक स्थानीय तह अन्तर्गतको एक आमा समूहहरुलाई भाँडाकुँडा समेत वितरण गरिएको।
- न्यून औषत वृद्धि अनुगमन गराउने संख्या वृद्धि गर्ने उद्देश्य र वृद्धि अनुगमन कार्यलाई चुस्त दुरुस्त बनाउनका लागि बागमती प्रदेशका विभिन्न स्वास्थ्य संस्थाहरुमा वृद्धि अनुगमनका लागि आवश्य सामाग्रीहरुको व्यवस्थापन गरिएको।
- १२४ माध्यमिक विद्यालयहरुमा किशोर किशोरी लक्षित प्रजनन तथा यौन स्वास्थ्य सम्बन्धी किशोरकिशोरी, किशोरी अभिभावक, विद्यालयमा आधारित लैंगिक हिँसा, मानव बेचबिखन तथा बाल विवाह साइबर क्राइम रोकथामका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालनमा ल्याइएको।
- १२४ विद्यालयहरुका शौचालयलाई छात्रामैत्री बनाउन आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिएको।
- १२४ विद्यालयका १२४ स्वास्थ्य शिक्षक र २४८ साथी शिक्षकलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरिएको।
- यौन तथा प्रजनन स्वास्थ्यको शिक्षण सिकाई कार्यलाई अझै प्रभावकारी बनाउन ५० विद्यालयमा सूचना सञ्चार सामग्री (ल्यापटप, एल,सि डी प्रोजेक्टर) को व्यवस्थापन गरिएको छ भने १२४ विद्यालयहरुमा वृहत यौनिकता शिक्षालाई बढावा दिन किशोरकिशोरी मैत्री सूचना कक्षको स्थापना गरिएको।

## ४.१६ सामाजिक विकास मन्त्रालय

आ.व.२०७८/७९ मा तर्जुमा भएका कानूनहरु निम्नानुसार रहेका छन्।

- उच्च शिक्षा ऐन, २०७८,
- विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति, २०७८,
- शैक्षिक छात्रवृत्ति निर्देशिका,२०७८,
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७८,
- शैक्षिक परामर्श तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७५ संशोधन भई “शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७९”

- प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (शिक्षा तर्फ सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८,
- आ.व. २०७८।७९ को मन्त्रालयअन्तर्गतको नीति तथा कार्यक्रम, बजेट वक्तव्य र वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना (Mile Stone) निर्माण,
- आ.व. २०७८।७९ को वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८,
- सामुदायिक क्याम्पसको भौतिक सबलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८,
- एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८,
- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७८,
- सामुदायिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना सम्बन्धी कार्यविधि, २०७८,
- सामुदायिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना सम्बन्धी कार्यविधि, २०७८,
- सामुदायिक माध्यमिक विद्यालयमा स्टेम प्रयोगशाला व्यवस्थापन सञ्चालन अनुदान कार्यविधि, २०७८,
- स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०७८,
- स्थानीय तहसँगको साझेदारीमा सामुदायिक सिकाई केन्द्रलाई बहुउद्देश्यीय एकीकृत सूचना केन्द्रको रुपमा विकास गर्ने सम्बन्धी कार्यविधि, २०७८,
- स्थानीय तहको साझेदारीमा सामुदायिक पुस्तकायलय सुदृढीकरण अनुदानसम्बन्धी कार्यविधि, २०७८,
- विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम मापदण्ड, २०७८,
- सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि,२०७८,
- शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धी मापदण्ड, २०७८,
- मानव वेचविखन तथा ओसारपसार विरुद्धको प्रदेश स्तरीय नीतिको मस्यौदा तयार
- अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण नीतिको मस्यौदा तयार
- फेन्ड्स हेटौंडाको समन्वयमा लैङ्गिक तथा यौनिक अल्पसख्यक व्यक्ति सम्वन्धि सरक्षण नीतिको मस्यौदा तयार।

- साविकमा यस सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेका युवा तथा खेलकुद र स्वास्थ्य मन्त्रालयको कार्यक्रम तथा अन्य कागजातहरु सम्बन्धित मन्त्रालयलाई हस्तान्तरण गरिएको,
- बागमती प्रदेशलाई ९७.२२ प्रतिशत साक्षरता सहित नेपालकै पहिलो साक्षर प्रदेशको रुपमा घोषणा गरिएको,
- प्रदेश उच्च शिक्षा परिषद्को वैठक २ पटक बसी प्रदेश उच्च शिक्षा नियमावली तथा संस्थागत संरचना निर्माणको कार्य अघि वढाइएको,
- सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरुमार्फत प्रदेशभित्रका २३ वटा सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्नका लागि अनुदान प्रदान गरिएको,
- एक विद्यालय एक उद्यम कार्यक्रम अन्तर्गत १३ वटा प्राविधिक विद्यालयहरुलाई उद्यमशीलता विकास सम्बन्धी कार्यका लागि अनुदान प्रदान गरिएको,
- प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पनुर्स्थापना कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालयतर्फ विनियोजित रु. ७२ करोड ६० लाखबाट ७० करोड ७८ लाख ५ हजार बजेट सम्बन्धित पालिकाहरुको नाममा कार्यक्रम तथा बजेट हस्तान्तरण गरिएको,
- सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत तथा सूचना प्रविधि प्रयोगशाला स्थापना र सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना गर्ने कार्यक्रम अन्तर्गत २९८ विद्यालयहरुलाई रु.४१ करोड ९७ लाख रुपैंयाको कार्यक्रम कार्यान्वयन गरिएको,
- दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) परियोजना लागू भएका १० वटा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र शिक्षा हेर्ने प्रमुखहरुलाई कार्यक्रम अभिमुखीकरण गरिएको,
- नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS) अन्तर्गत ५ वटा सीप परीक्षण केन्द्रहरुलाई भौतिक पूर्वाधार विकासको लागि सहयोग प्रदान गरिएको, पूर्व सिकाई मान्यताद्वारा सीप परीक्षण सम्बन्धी विभिन्न माध्यमबाट प्रचार प्रसार गरएको साथै सीप परीक्षणका लागि ६०३ वटा व्यक्तिहरुबाट आवेदन प्राप्त भएको, स्थानीय तह र निजी क्षेत्रहरुसँग सहकार्य, समन्वयका लागि कार्य गरिएको,
- जेष्ठ नागरिकलाई गर्नु पर्ने व्यवहारसम्बन्धी अनुरोध पत्र तयार गरिएको,
- महिला पत्रकारहरुका लागि विद्धतवृत्ति कार्यक्रम (Fellowship Program) सञ्चालन गरिएको,
- मन्त्रालयका सचिवको अध्यक्षतामा प्रदेश माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति (कक्षा १०) गठन गरिएको,
- युवा बैज्ञानिक प्रोत्साहन कोषबाट सञ्चालित कार्यक्रमको प्रगतिको अनुगमन कार्य गरिएको,

- मनोसामाजिक मनोपरामर्श सेवा सञ्चालन तथा सेफ हाउसका लागि आवश्यक सामाग्रीहरूको व्यवस्थापन गर्न १४ वटा महिला सरकारी संस्थाहरुलाई सहयोग गरिएको,
- वालसुधार गृहमा रहेका वालवालिलकाहरुको लागि सीपमुलक तालिम सचालन गरिएको,
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण, सीप विकास एवम् अधिकार संरक्षणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्न ४० वटा संस्थाहरुलाई अनुदान प्रदान गरिएको,
- अपाङ्गता भएका ५२ जना व्यक्तिहरूलाई रु. १० लाख बराबरको अपाङ्गता सहायता सामाग्री वितरण गरिएको,
- पाँच वटा दिवा सेवा केन्द्रको भौतिक पूर्वाधार सामाग्री सहयोग तथा अन्य व्यवस्थापकीय क्षेत्रमा सहयोग प्रदान गरिएको।
- स्थानीय तहको सहकार्यमा वालविकास केन्द्रको स्तरोन्नतिका लागि ९ जिल्लाका १/१ बालविकास केन्द्रलाई सहयोग उपलव्ध गराइएको,
- नमूना विद्यालय प्रोत्साहन कार्यक्रम अन्तर्गत विद्यालयको विकासका लागि गुरुयोजनाका आधारमा खर्च गर्न प्रति विद्यालय रु २५ लाखका दरले ७५ वटा विद्यालयहरुलाई अनुदान उपलव्ध गराइएको,
- स्वीस सरकारको सहयोगमा सञ्चालित नेपाल दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना दोस्रो (ENSSURE II) कार्यान्वयनको लागि परियोजना निर्देशक समिति र परियोजना कार्यान्वयन समिति गठन गरी कार्यान्वयनमा लगिएको। साथै, नेपाल व्यावसायिक योग्यत प्रणाली परियोजना दोस्रो (NVQS II) कार्यान्वयनको लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाई गठन गरी कार्यान्वयनमा लगिएको,
- व्यवसायिक सीप विकास तालिमहरूको मानक निर्धारण एवं गुणस्तरीयता मापन गरी प्रमाणिकरण गर्न नेपाल व्यवसायिक सीप परीक्षण परियोजना कार्यान्वयनको लागि तयारी भइरहेको,
- प्रदेशभित्र रहेका शैक्षिक परामर्श केन्द्रहरुलाई सेवा सञ्चालन अनुमति दिने काम भइरहेको,
- सामाजिक विकास मन्त्रालय र वित्तीय हस्तान्तरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सम्पादन गरिने कार्यक्रमका सम्बन्धमा प्रदेशभित्रका सबै स्थानीय तहहरुलाई अभिमुखीकरण गरिएको,
- बाल सुधार गृह, भक्तपुर र मकवानपुरमा रहेका २०५ जना बालबालिकाहरूका लागि ३ दिने जीवनोपयोगी सीप विकास तालिम सञ्चालन गरिएको,
- विभिन्न दिवसीय कार्यक्रमहरुअन्तर्गत अन्तर्राष्ट्रिय बाल अधिकार दिवस, लैङ्गिक हिंसा विरुद्धको सोह्रदिने अभियान, अन्तर्राष्ट्रिय अपाङ्ग दिवस मनाइएको,

- सार्वजनिक निर्माण कार्यान्वय इकाई काभ्रेपालाञ्चोक र धादिङ्बाट विद्यालय भवन निर्माण, घेराबार निर्माण, खेलमैदान निर्माण, पुस्तकालय निर्माण, शौचालय निर्माण, सामुदायिक क्याम्पसको भौतिक सवलीकरण लगायत २१९ वटा भौतिक निर्माण सम्बन्धी आयोजनाहरु सम्पन्न भएको,
- जिरी प्राविधिक शिक्षालय र प्रदेशस्तरीय बाल अधिकार संरक्षण भवन केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको,
- शिक्षा तालिम केन्द्र धुलिखेलमार्फत प्राविधिक धार सञ्चालन भएका विद्यालय र प्राविधिक शिक्षालयमा कार्यरत ९८ जना विषयगत प्रशिक्षकहरुको क्षमता विकास कार्यक्रम सम्पन्न भएको,
- वालविकास केन्द्रका १२१ जना शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि तालिम कार्यक्रम सम्पन्न भएको,
- आधारभूत तहका १०२ जना प्रधानाध्यापकहरुको नेतृत्व क्षमता अभिबृद्धिका लागि तालिम, ६६ जना माध्यमिक तहका शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि तालिम, २१५ जना आधारभूत तहका शिक्षकहरु र ११० जना माध्यमिक तहका शिक्षकहरुको क्षमता अभिबृद्धिका लागि ICT मा आधारित तालिम, ४२ जना विशेष शिक्षा शिक्षकको लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न भएको,
- ९२ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/समितिका लागि विद्यालय व्यवस्थापन सम्बन्धमा तालिम सञ्चालन,
- स्थानीय तहका ११४ जना शिक्षा अधिकृतहरुका लागि स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री विकास सम्बन्धी क्षमता अभिबृद्धि तालिम सम्पन्न भएको, परिषद् बाट स्वीकृत तालिम पाठ्यक्रमका आधारमा १२१ जना बालविकास शिक्षक सहयोगी कार्यकर्तालाई टिपिडी प्रमाणीकरण तालिम सञ्चालन,
- सुनाइ, दृष्टि, बोलाइ, बहिरा र सुस्त श्रवण सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने २४ जना शिक्षकहरुको टिपिडी तालिम सञ्चालन भएको,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत २२०० जनालाई उद्यमशीलता विकासका लागि सीपमूलक तालिमहरु प्रदान गरिएको, ८०० जनालाई छोटो अवधिको तालिम सञ्चालन गरि सीप परीक्षण सम्पन्न गरिएको,
- मन्त्रालय र अन्तर्गतबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित र नतिजामूलक बनाउन नियमित अनुगमन गर्ने गरिएको,

- अन्तर्राष्ट्रिय साक्षरता दिवस, जेष्ठ नागरिक दिवस, मानव वेचविखन तथा ओसारपसार विरुद्धको दिवस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवस एवं लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाइएको,
- प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति र प्रदेश बालअधिकार समितिको नियमित बैठक बसी समितिलाई क्रियाशिल बनाइएको।

## ४.१७ युवा तथा खेलकुद मन्त्रालय

### युवा तर्फ

आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट कार्यान्वयनका लागि तपसील बमोजिमका कानूनहरुको तर्जुमा भएको।

- प्रदेश युवा परिषद(पहिलो संशोधन), अध्यादेश, २०७८
- विशिष्ट युवा प्रतिभा सम्मान तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- सीपमुलक तालिम ३९० घण्टा (पूर्ण रोजगार) कार्यान्वयन कार्यविधि, २०७८
- युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- नीति र नैतिकता: बागमती प्रदेशका युवाको प्राथमिकता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- युवा परिषद स्वरोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- अर्गानिक कृषि उत्पादन साझेदारी तथा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- शारीरिक क्षमता कमजोर भएका युवा व्यवसायीलाई सामग्री सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- युवा महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९
- प्रदेश युवा परिषदको लोगो डिजाइन तथा स्लोगन निर्माण कार्यक्रम कार्यान्वयन कार्यढाँचा २०७८
- प्राविधिक शिक्षा अध्ययनरत दलित सिमान्तकृत पिछडिएको वर्गहरुका लागि छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७९
- ४० जना महिलालाई महिला आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरिएको।

- हरेक जिल्लामा युवा स्वयंसेवक निर्माण गरी तालिम सामग्री वितरण गरिएको। ८० जनालाई पूर्ण रोजगार सहितको लेभल १ तालिम प्रदान गरिएको।
- चेलिबेटी बेचविखन महिला हिंसा जातीय तथा लैङ्गिक विभेद सम्बन्धी १३ जिल्लामा ४२९ जनालाई तालिम दिइएको। लैङ्गिक अल्पसंख्यकहरुसँग अन्तर्किया गरिएको।
- लागूपदार्थ दुर्वयसन तथा साइवर क्राइम सचेतना सम्बन्धी तालिम १३ जिल्लाका ४२९ जनालाई प्रदान गरिएको।
- सामुदायिक क्याम्पस तथा विद्यालयमा नीति र नैतिकता सम्बन्धी १३ जिल्लाका २६ स्थानमा कार्यक्रम सञ्चालन गरिएको।
- युवा परिषद स्वरोजगार कार्यक्रम अन्तर्गत २५ युवालाई ५० हजार, लागत साझेदारीमा आधारित युवा लक्षित कार्यक्रम अन्तर्गत ४ युवालाई ३० हजारका दरले र अपाङ्ग युवा व्यवसायीहरुलाई ५० हजारका दरले सामाग्री सहयोग अनुदान दिइएको।
- युवा सँग सम्बन्धित खोजमुलक अनुसन्धान सम्बन्धी कार्य भईरहेको तथा युवाका तथ्याङ्क संकलनका लागि मोवाइल एपको निर्माण गरिएको।
- ३९० घण्टे लेभल १ सीप परीक्षण ४० जनालाई प्रदान गरिएको। सञ्चार माध्यमसँग सहकार्य अन्तर्गत २ वटा डकुमेन्ट्रि तयार गरिएको।
- युवा प्रतिभा पहिचान अन्तर्गत १३ जिल्लाबाट सहभागिता गराई छनौट गरिएको।
- प्रदेश युवा परिषद्को ऐन र नियमावली अनुसार खुला प्रतिस्पर्धा मार्फत यस संस्थाको लोगो तथा स्लोगान छनोट गरी सार्वजनिक गरिएको ।

**खेलकुद तर्फ**

- प्रदेश खेलकुद विकास परिषद्को आर्थिक कार्यविधि नियमावली, २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको ।
- प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७९ स्वीकृत भएको ।
- जिल्ला खेलकुद विकास समितिको खाता सञ्चालन कार्यविधि, २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको।
- प्रदेशस्तरीय खेल पूर्वाधारको उपयोग सम्बन्धी मापदण्ड २०७८ परिषद्बाट पारित भई मन्त्रालयमा पेश भएको।

- प्रदेशका खेलाडीहरुको क्षमता अभिवृद्धि गर्न तथा विभिन्न खेलकुदहरूको उत्कृष्ट प्रशिक्षण उपलब्ध हुने अवस्थाको सिर्जना गर्नका लागि एथलेटिक्स, तेक्वान्दो, रग्वी र व्याडमिन्टन खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- प्रज्ञा स्मृति साईकलिङ म्याराथन, ईन्डो नेपाल कराते प्रतियोगिता, ईन्डो नेपाल मुवाँथाई प्रतियोगिता तथा पारा एथ्लेटिक्स प्रतियोगिता सम्पन्न गरिएको।
- रग्वी प्रतियोगिता, बागमती न्यू डायमण्ड कप भलिबल, नेक्सस कप यू १६ पुरुष तर्फको क्रिकेट, प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगीता सम्पन्न भएको।
- दृष्टिविहिन क्रिकेट तालिम, स्पोर्टस फर पिस एण्ड डेभलपमेण्ड, राष्ट्रपति कप प्रतियोगिता, स्काउट आधारभूत तालिम, इन्डो नेपाल तेक्वान्दो प्रतियोगीता, राष्ट्रिय तेक्वान्दो प्रतियोगिता, राष्ट्रिय हक्की प्रतियोगीता लगायतका विविध खेल सम्बन्धी तालिम तथा कार्यक्रमहरु सञ्चालन भएको।

## ४.१८ प्रदेश नीति तथा योजना आयोग

- प्रदेश तथ्याङ्क ऐन, प्रदेश नीति तथा योजना आयोग ऐन र आयोजना बैंक व्यवस्थापन दिग्दर्शन तर्जुमाको लागि मस्यौदा समिति गठन भएको। प्रदेश सरकारको आयोजनाको मापदण्डको मस्यौदा तयार भएको।
- प्रदेशको आवधिक योजनाको मध्यावधि समीक्षा र समायोजनको ढाँचा" तर्जुमा भई मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा आधारित भई बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास र मन्त्रालय/निकायका सम्बन्धित कर्मचारीहरुका लागि तालिम सञ्चालन गरी प्रारम्भ गरिएको।
- वार्षिक योजना तर्जुमाको सम्बन्धमा १३ जिल्लाका स्थानीय तहहरुसँग जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको।
- युके एड पूर्णिमा कार्यक्रमको सहयोगमा ५ वटा स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग गरिएको।
- प्रदेश सुशासन केन्द्रको लगानीमा १५ वटा स्थानीय तहको आवधिक योजना तर्जुमामा प्राविधिक सहयोग उपलब्ध गराईएको।
- अनुदान दिइएका कृषि तथा पशुपन्छी सम्बन्धी आयोजनाहरुको प्रभावकारीताको अनुगमन गर्नका लागि द्रुत सर्वेक्षण प्रश्नावली तयार गरिएको।

- स्वास्थ्य मन्त्रालयद्धारा सञ्चालित एक विद्यालय एक नर्स कार्यक्रम, सामाजिक विकास मन्त्रालयद्धारा सञ्चालित विद्यालय सूचना प्रविधि सहयोग कार्यक्रम, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको मत्स्य विकास केन्द्र, कुलेखानी र बाख्रा विकास फार्म चित्लाङ लगायत भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सञ्चचालित केही सडक आयोजनाहरु र ८ वटा स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको स्थलगत अनुगमन सम्पन्न भएको।
- जलवायु परिवर्तनले मौसममा आएको परिवर्तन र यसले खाद्य उत्पादन र खाद्य सुरक्षामा पारेको प्रभावको सम्बन्धमा राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग र विश्व खाद्य कार्यक्रमको संयुक्त आयोजनामा Consolidated Livelihood Exercise for Analysing Resilience(CLEAR) प्रदेश स्तरीय परामर्श गोष्ठी १३ वटा जिल्लामा सम्पन्न भएको।

# परिच्छेद – पाँच

# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

नेपालको संविधानले अङ्गिकार गरेको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त र संघीयताको मर्मअनुरुप बागमती प्रदेश सरकारले चार प्रकारका अनुदानहरु तथा सवारी साधन कर वापतको रकम बाँडफाँट गरी स्थानीय तहसँग वित्तीय सम्बन्ध कायम गर्दै आएको छ। प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने अनुदान तथा राजस्व बाँडफाँट नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७, प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि,२०७८ तथा प्रदेश आर्थिक ऐन, २०७९ लगायतका कानूनहरुमा व्यवस्था भएबमोजिम हुँदै आएको छ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि नै स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्दै आएको छ।आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई वित्तीय समानीकरण, सःशर्त, विशेष र समपुरक अनुदान गरी कुल रू. ७ अर्व ५० करोड ५६ लाख ४१ हजार वित्तीय हस्तान्तरण गर्ने अनुमान गरिएकोमा आर्थिक वर्ष २०७७/७८ मा कोभिड-१९ को प्रभावका कारण जारी निषेधाज्ञाले वित्तीय हस्तान्तरण अन्तर्गतका अधुरा योजना/कार्यक्रमका लागि प्रदेश सरकार तर्फको दायित्व व्यवस्थापनका लागि स्रोतको उपलब्धता हेरी थप सशर्त अनुदान वापत कुल रु. ७ करोड ६१ लाख ४९ हजार प्रदान गरिएको हुनाले वित्तीय हस्तान्तरणको रकम रु. ७ अर्व ५८ करोड १७ लाख ९० हजार कायम भएको देखिन्छ। जुन कुल विनियोजित बजेटको १३.१३ प्रतिशत हुन आउछ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण तथा सोको खर्च र आर्थिक वर्ष २०७७/७८ मा भएको वित्तीय हस्तान्तरण तथा खर्चको तुलनात्मक विवरण तालिका ५.१ मा उल्लेख गरिएको छ।

**तालिका ५.१: स्थानीय तहमा वित्तीय हस्तान्तरणको प्रारम्भिक विवरण (रू.हजारमा)**

| खर्च शीर्षक | विनियोजन | | निकाशा | | निकाशा प्रतिशत | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | बजेट | निकाशा |
| वित्तीय समानीकरण अनुदान | १२५००००.०० | १५०००००.०० | १२२६९४२.१२ | १४८५८१३.७२ | ९८.१५ | ९९.०५ | २०.०० | २१.१० |
| सशर्त अनुदान | ३०६४५५२.०० | २७३९२६१.०० | २९२३२१२.८२ | २५२९६५२.६१ | ९५.३८ | ९२.३४ | -१०.६१ | -१३.४६ |

| खर्च शीर्षक | विनियोजन | | निकाशा | | निकाशा प्रतिशत | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | बजेट | निकाशा |
| समपुरक अनुदान | २६३१६०९.०० | २९१८१७९.०० | २३१४४९२ | २४४४९९०.४९ | ८७.९४ | ८३.७८ | १०.८९ | ५.६४ |
| विशेष अनुदान | २९७०००.०० | ४२४३५०.०० | २७३९२३.०५ | ३७२८२२.८२ | ९२.२२ | ८७.८५ | ४२.८८ | ३६.१० |
| **जम्मा** | **७२४३१६१.००** | **७५८१७९०.००** | **६७३८५६९.९९** | **६८३३२७९.७** | **९३.०३** | **९०.१२** | **४.६८** | **१.४१** |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश।

- आर्थिक वर्ष २०७८/७९ मा वित्तीय समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान रकम गत आ.व. भन्दा वृद्धि भएको छ भने सशर्त अनुदान रकम १०.६१ प्रतिशतले न्यून रहेको छ। स्थानीय तहको खर्चको आवश्यकता र राजस्व परिचालनको अवस्था बीचको अन्तर कम गरी सन्तुलित विकासमा टेवा पुर्याउन वित्तीय समानीकरण अनुदान उपलब्ध गराईने हुँदा यस अनुदान क्रमशः वृद्धि गर्दै लैजाने नीति लिईएको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई आर्थिक वर्ष २०७८/७९ मा कुल रु.१ अर्व ५० करोड हस्तान्तरण गर्ने अनुमान गरिएकोमा कुल रु.१ अर्व ४८ करोड ५८ लाख १३ हजार हस्तान्तरण भएको छ। जुन आर्थिक वर्ष २०७७/७८ को तुलनामा २१.१० प्रतिशतले वृद्धि भएको देखिन्छ।
- आर्थिक वर्ष २०७८/७९ मा विषयगत मन्त्रालय/निकायहरुबाट सिफारिस भई सशर्त अनुदान तर्फ कुल रु. २ अर्व ७३ करोड ९२ लाख ६१ हजार हस्तान्तरण गर्ने अनुमान गरिएकोमा रु.२ अर्व ५२ करोड ९६ लाख ५२ हजार बराबरको रकम हस्तान्तरण भएको छ। आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ १०.६१ प्रतिशत न्यून बजेट विनियोजन भएकोमा विनियोजन भन्दा १३.४६ प्रतिशत न्यून खर्च भएको छ।
- प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम आर्थिक वर्ष २०७८/७९ मा समपूरक अनुदानतर्फ रु.२ अर्व ९१ करोड ८१ लाख ७९ हजार विनियोजन गरिएकोमा कुल रु. २ अर्व ४४ करोड ४९ लाख ९० हजार हस्तान्तरण भएको देखिन्छ जुन गत आर्थिक वर्षको तुलनामा ५.६४ प्रतिशतले बढी हो।
- प्रदेश विशेष अनुदान अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी लगायत कार्यविधिले तोकेका विशेष क्षेत्रहरुका आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्ष २०७८/७९ मा कुल रु.४२ करोड ४३ लाख ५० हजार बराबरको रकम हस्तान्तरण गर्ने अनुमान गरिएकोमा कुल रु. ३७ करोड २८ लाख २२ हजार बराबरको रकम हस्तान्तरण गरिएको छ। जुन आर्थिक वर्ष २०७७/७८ को तुलनामा ३६.१० प्रतिशतले बढी हो।

- आर्थिक वर्ष २०७८/७९ मा वित्तीय हस्तान्तरण अन्तर्गत विनियोजित रकमको ९०.१२ प्रतिशत रकम हस्तान्तरण भएको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा विनियोजित रकमको कुल ९३.०३ प्रतिशत रकम हस्तान्तरण भएको थियो।

## ५.२ स्थानीय तहमा राजस्व बाँडफाँट

- प्रदेश सरकारबाट संकलन भई स्थानीय तहसँग बाँडफाँट हुने कर सवारी साधन कर हो। सवारी साधन कर वापत संकलित रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी कुल संकलनको ६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत वापतको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम सम्बन्धित स्थानीय तहहरुको सञ्चित कोषमा प्रचलित कानुन बमोजिम बाँडफाँट हुँदै आएको छ।
- आर्थिक वर्ष २०७८/७९ को असार २० गते सम्म बाँडफाँट भएको सवारी साधन करको विस्तृत विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२ सवारी साधन करको संकलन तथा बाँडफाँटको विवरण**

**रकम रु. हजारमा**

| क्र.सं. | अवधि | संकलन | बाँडफाँट | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय |
| १ | साउन-भाद्र | २१,९४,४११.२७ | १३,१६,६४६.७६ | ८,७७,७६४.५० |
| २ | असोज- कार्तिक | १८,९०,४२०.७० | ११,३४,२५२.४२ | ७,५६,१६८.२८ |
| ३ | मंसिर-पौष | १९,८२,४५३.७१ | ११,८९,४७२.२३ | ७,९२,९८१.४८ |
| ४ | माघ-फाल्गुन | १३,९०,७८४.८९ | ८,३४,४७०.९४ | ५,५६,३१३.९५ |
| ५ | चैत्र-बैशाख | १२,८७,७९९.२१ | ७,७२,६७९.५३ | ५,१५,११९.६८ |
| ६ | ज्येष्ठ-असार २० सम्म | ६,९१,४३९.८६ | ४,१४,८६३.९१ | २,७६,५७५.९४ |
| | **कुल जम्मा** | **९४,३७,३०९.६४** | **५६,६२,३८५.७९** | **३७,७४,९२३.८३** |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश

- आर्थिक वर्ष २०७८/२०७९ को असार मसान्तसम्म प्रदेश विभाज्य कोष खातामा रु.९ अर्व ७७ करोड ६९ लाख ८४ हजार संकलन भएकोमा २०७९ असार २० गते सम्म संकलन भएको रु.९ अर्व ४३ करोड ७३ लाख ९ हजार लाई बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा रु.५ अर्व ६६ करोड २३ लाख ८५ हजार र सम्बन्धित स्थानीय तहको राजस्व प्राप्ति तथा विविध खातामा रु.३ अर्व ७७ करोड ४९ लाख २३ हजार जम्मा गरिएको छ।

## ५.३ वित्तीय संघीयता कार्यान्वयनको समीक्षा

- वित्तीय हस्तान्तरणका सम्बन्धमा नेपालको संविधानमा भएका व्यवस्थाका अतिरिक्त अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, विनियोजन ऐन, २०७८ तथा प्रदेश विनियोजन ऐन, २०७९ का प्रावधानहरु बमोजिम अनुदान हस्तान्तरण तथा सोको निकासा लगायतका कार्य भईरहेको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेबमोजिम स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान प्रदान गरिएको छ। यसरी प्रदान गरिने वित्तीय समानीकरण अनुदान प्रदेश सरकारको स्रोतको आकलन गरी वृद्धि गर्दै लगिएको छ र यसले वित्तीय असमानता कम गर्ने विश्वास लिईएको छ।
- प्रदेश सरकार स्थापनाका शुरुवाती आर्थिक वर्षहरुमा समपूरक तथा विशेष अनुदानका योजना/कार्यक्रमका लागि अवण्डा रकम विनियोजन गरी सम्बन्धित कार्यविधि बमोजिम प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत गरिएका योजनाहरुमा रकम निकासा गर्ने गरिएकोमा आ.व.२०७७/७८ बाट वार्षिक बजेट तर्जुमाको समयमा नै क्रियाकलापगत रुपमा योजना/कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि रकम विनियोजन गरिएको छ।
- आर्थिक वर्ष २०७९/८० को प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु विद्युत्तीय माध्यमबाट प्रस्ताव र सोको आधारमा छनौटका लागि राष्ट्रिय योजना आयोगसँग समन्वय र सहकार्य गरी समपुरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धी विद्युतीय प्रणाली मार्फत प्रस्ताव भएका आयोजना तथा कार्यक्रमहरु प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि बमोजिम छनौट गर्ने व्यवस्था रहेको छ।
- वित्तीय हस्तान्तरण अन्तर्गत प्रदेश भित्रका स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानलाई व्यवस्थित गर्न तथा आन्तरिक आय कम भएका स्थानीय तहलाई विकास कार्यक्रममा बढी सहभागी गराउन प्रदेश सशर्त अनुदान सम्बन्धी पहिलो संशोधन कार्यविधि, २०७९ तर्जुमा गरी सोही बमोजिम विषयगत मन्त्रलायहरुबाट प्रस्तावित आयोजना तथा कार्यक्रम छनौट गरी सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने गरिएको छ।
- आर्थिक वर्ष २०७९/८० का लागि छनौट भई हस्तान्तरण गरिएका आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन बागमती प्रदेश भित्रका स्थानीय तहहरुमा प्रेषित गरिएको छ।
- प्रदेश सरकारको निर्णयबाट विपदजन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुर्नस्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा आर्थिक वर्षको बीचमा सशर्त अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको।

- वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले भदौ १५ गते, कार्तिक १५ गते, माघ १५ गते र बैशाख ३० गते गरी चार किस्तामा दाखिला गर्ने कानूनी व्यवस्था भएबमोजिम चार किस्ता वापतको रकम निकाशा गरिसकिएको छ ।
- अनुसार वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्ने व्यवस्था रहेको छ।
- स्थानीय तहले सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ/नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेको छ।
- कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त भित्र प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।
- वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपूरक तथा विशेष अनुदानका स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्ष भित्र खर्च नभई बचत भएको रकम समबन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने हुन्छ ।यसरी बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था रहेको छ।
- वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटका सम्बन्धमा मन्त्रालयबाट विभिन्न योजना/कार्यक्रमहरु कार्यान्वयनको अवलोकन, अन्तरक्रिया लगायतका कार्यहरु मार्फत स्थानीय तहसँगको सम्बन्ध सुदृढीकरणका कार्य हुँदै आएको छ।
- विभिन्न योजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारीताको विषयमा पर्याप्त अनुगमन मुल्याङ्कन हुन आवश्यक रहेको छ। यसका लागि आगामी दिनमा अनुगमन तथा मुल्याङ्कन संयन्त्रहरुलाई बलियो बनाउन जरुरी देखिन्छ।

## ५.४ वित्तीय संघीयताको कार्यान्वयनमा देखा परेका समस्याहरु

- प्रदेश तथा स्थानीय तहमा पर्याप्त जनशक्तिको अभावका कारण आयोजना तथा कार्यक्रम कार्यान्वयन समयमै हुन नसकि लक्ष्य अनुरुपको उपलब्धि हासिल हुन नसकेको देखिन्छ।
- वित्तीय हस्तान्तरण अन्तर्गतका आयोजना तथा कार्यक्रमको पहिलो किस्ता बाहेकको अन्य किस्ता रकम निकासाका लागि खर्चको विवरण पेश गर्नुपर्नेमा समयमा सो विवरण प्राप्त हुन सकेको देखिंदैन।
- प्रचलित कानुनमा तोकिए बमोजिमको आवधिक प्रतिवेदन, चौमासिक विवरण लगायतका अन्य विवरण र मन्त्रालयबाट माग गरिएका विवरणहरु समयमा प्राप्त नहुनुका साथै तोकिएको ढाँचामा समेत प्राप्त हुन नसकेको अवस्था छ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम प्रदेश सरकारले स्थानीय तहको समेत प्रतिवेदन समावेश गरी आवधिक प्रतिवेदन तयार गर्नुपर्नेमा सबै स्थानीय तहहरुबाट सो प्रतिवेदन प्राप्त नहुँदा तोकिए बमोजिमको आवधिक प्रतिवेदन तयार गर्न नसकिएको अवस्था छ।
- कतिपय स्थानीय तहहरुले वित्तीय हस्तान्तरण अनुदानका योजनाहरुको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने बचत रकम समयमा फिर्ता नगर्ने, आंशिक फिर्ता गर्ने परिपाटी रहेको छ।
- कतिपय स्थानीय तहबाट फिर्ता गर्नुपर्ने वित्तीय हस्तान्तरण अनुदानको रकम गर्नुपर्ने भन्दा फरक खाता वा शीर्षकमा समेत फिर्ता हुने गरेको छ।
- प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रेषित गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसारको विवरण सबै स्थानीयतहहरुबाट प्राप्त हुन सकेको छैन।
- समपुरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भईसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरी कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सरी आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको छ ।
- समपूरक अनुदानको योजनाहरुको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा कम्तीमा ५० प्रतिशत साझेदारी गर्ने प्रतिवद्धता बमोजिम साझेदारी गर्न नसक्दा व्यवहारमा आयोजना कार्यान्वयन नै नहुने वा ढिलाई हुने अवस्था देखिएको छ।
- प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेखित कतिपय विषयहरुमा ध्यान नपुगेको।स्वीकृत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेट अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्ने गरेको र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता

गर्नुपर्ने व्यवस्था रहेकोमा बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रमा समेत खर्च गर्ने प्रवृती रहेको छ।

- कतिपय स्थानीय तहमा सःशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम उक्त निकायको आवश्यकता बमोजिम नभएको भनि उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य योजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध हुने समेत गरेको छ।
- सशर्त अनुदानका योजनाहरुको कार्यान्वयनका सन्दर्भमा स्थानीय तहहरुबाट विषयगत मन्त्रालयहरुसँग समन्वय गर्नुपर्नेमा सो नहुनुका साथै विषयगत मन्त्रालय/निकायहरुबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्विविधा सिर्जना भएको गुनासो प्राप्त हुने।
- आर्थिक ऐन, २०७८ मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको। स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क वापत संकलन भएको राजस्व प्रदेश आर्थिक ऐन बमोजिम कतिपय स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला नगरेको अवस्था छ।
- कतिपय स्थानीय तहले SuTRA प्रणाली मा पुर्ण र शुद्ध रुपमा बजेट तथा खर्च प्रविष्टि नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराईएको रकमको यथार्थ खर्च विवरण प्राप्त गर्ने र सोको आधारमा खर्च विश्लेषण तथा प्रतिवेदन प्रणाली व्यवस्थापनमा कठिनाई भएको छ।

## ५.५ समाधानका उपायहरू

- प्रदेश तथा स्थानीय तहको कार्यान्वयन कुशलता अभिवृद्धिका लागि पर्याप्त र दक्ष जनशक्तिको परिचालन गर्नुपर्ने।यसका लागि कर्मचारीको पदपूर्ति, क्षमता अभिवृद्धि लगायतका विषयमा ध्यान दिनुपर्ने।
- सशर्त समपुरक तथा विशेष अनुदान वापत प्राप्त रकम आर्थिक वर्षको अन्तयसम्म खर्च नभई बचत भएमा सो बचत रकम विनियोजन ऐनमा तोकिएको समयमा फिर्ता गर्ने र प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै प्रदान गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने।
- समपुरक अनुदानको बजेट खर्च गर्दा आफ्नो स्रोत र अर्को तहको स्रोतबाट बराबर अनुपातमा खर्च गरी आयोजना तथा कार्यक्रम समयमै सम्पन्न गर्ने।
